वर्ष : १७, अंक : ४६, काठमाडौं, २०७८ फागुन २० गते शुक्रबार, 4 March 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## एमालेसँग गठबन्धन हुनसक्छ : ठाकुर



जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष महन्थ ठाकुरले स्थानीय चुनावमा केही सिटमा नेकपा एमालेसँग गठबन्धन हुन सक्ने बताएका छन् । मंगलबार जनकपुरधाम विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै अध्यक्ष ठाकुरले स्थानीय चुनावमा नेकपा एमालेसँग गठबन्धन हुन सक्ने उल्लेख गरे । यद्यपि यस विषयमा हालसम्म कुनै छलफल नभएको अध्यक्ष ठाकुरले स्पष्ट पारे । उनले स्थानीय तहको निर्वाचनमा एमालेसँग गठबन्धन गर्न सक्ने बताउँदै आउँदो वैशाख ३० मा हुने स्थानीय तहको निर्वाचनदेखि प्रदेशसभा तथा प्रतिनिधिसभासम्म तालमेल हुन सक्ने बताए । उनले भने, 'एमालेसँग हाम्रो त्यस्तो कुनै असन्तुष्टि छैन । आउँदो स्थानीय तहको निर्वाचनका लागि छलफल हुन्छ ।' उनले अघि थप्दै भने, 'सबै ठाउँमा नभएपनि स्थानीय स्तरमा गठबन्धन गर्न सकिन्छ । अहिले भने हाम्रो कसैसँग कुनै पनि गठबन्धन भएको छैन ।'

## लोसपाले २८ वटा जनवर्गीय संगठनहरू निर्माण गर्ने

काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालले आफ्नो २८ वटा भ्रातृ/जनवर्गीय/शुभेच्छुक संगठनहरू निर्माण र सञ्चालन गर्ने निर्णय गरेको छ ।

गत मंगलबार र सोमबार लोसपाको शीर्ष तहका नेताहरूको बैठकले पार्टीको अन्तरिम विधानको धारा २३ (१) अनुसार विभिन्न २८ वटा जनवर्गीय संगठनहरू निर्माण र सञ्चालन गर्ने निर्णय गरेको अध्यक्ष महन्थ ठाकुरले बताएका छन् ।

लोसपाले लोकतान्त्रिक विद्यार्थी संघ, लोकतान्त्रिक युवा संघ, लोकतान्त्रिक महिला

*बाँकी अन्तिम पृष्ठमा*

# एमसीसीमा चीनको अस्वाभाविक 'कनेक्सन'

## नेपालको आन्तरिक मामिलामा चीनको निरन्तर प्रहार

**मधेशवाणी डेस्क**

काठमाडौं । अमेरिकी विकास सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)लाई लिएर छिमेकी चीनले पछिल्ला दिन नेपालको आन्तरिक मालिममा निरन्तर प्रहार गर्दै आएको छ ।

पचास करोड अमेरिकी डलर (करीव ६० अर्ब रूपैयाँ)को एमसीसी नितान्त नेपाल र अमेरिकाबीचको द्विपक्षीय विषय हो । कूटनीतिमा द्विपक्षीय सहायताको विषयमा तेस्रो देशले कमै मात्र बोल्ने गर्छन् । चीनको प्रहार तथा हस्तक्षेप यस्तै दुर्लभ कूटनीतिक घटनामध्ये एक हो ।

एमसीसी सम्झौता मुलत: नेपाल र अमेरिका बीचको एजेन्डा हो । यो मामिलामा अमेरिकाले आफ्नो तर्फबाट कुनै धारणा राख्नु स्वभाविकै हो तर यसबाहेक अन्य मुलुकले यसबारे अनावश्यक चासो राख्नु या बोल्नु भनेको नेपालको आन्तरिक मामिलामा हस्तक्षेप हो । दुई मुलुकबीचको सम्बन्धमा तेश्रो मुलुकले 'ओभर स्मार्ट' बन्नु अशोभनीय, अपाच्य र आपत्तिजनक हर्कत हो ।

नेपालको उत्तरी छिमेकी चीन कुनै पनि हालतमा एमसीसी पास नहोस् भन्ने चाहन्थ्यो । उसको चाहनाविपरीत संसदले एमसीसी अनुमोदन गरेको छ । एमसीसी अनुमोदन अघि र पछि चीनको 'मौन कूटनीति' अब मुखर र प्रखर भएको छ । रूसको युक्रेनमाथिको हस्तक्षेपकारी सैन्य दबाब, नेपालले युक्रेनको पक्षमा लिएको अडान र त्यसमा चीनको समर्थनपछि विश्व राजनीतिमा उत्पन्न नयाँ तनावले चीन पनि आक्रामक भएको छ ।

**चीनको बोली**

चीनले निरन्तर आन्तरिक मामिलामा प्रहार गरिरहँदा नेपाल भित्र भने त्यसको आलोचना तथा विरोध केही भएको छैन । राजनीतिक दल र नेताहरू मौन बसेका छन् ।

चीनले नेपालको आन्तरिक मामिलामा तब



बोल्न थाल्यो जब अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई फोन गरेर एमसीसी संसदबाट अनुमोदन गर्न दबाब दिए ।

लुले गत माघ २७ गते नेपालका शिर्ष तीन नेतालाई फोन गरेर दबाब दिएका थिए । त्यतिबेला सत्तारूढ दल कांग्रेस एमसीसी संसदबाट अनुमोदन गर्ने पक्षमा उभिएको थियो भने माओवादी केन्द्र संशोधन गरेर मात्र अनुमोदन गर्ने अडानमा थियो । आफ्ना माग पुरा नभएको भन्दै लामो समयदेखि संसदीय प्रक्रियामा सहभागी नभएको प्रमुख प्रतिपक्षी दल एमाले भने एमसीसीका विषयमा मौन बसेको थियो ।

अमेरिकी सहायक विदेशमन्त्री लुले शिर्ष नेतालाई फोन गरेर 'एमसीसी संसदबाट अनुमोदन नगरे नेपालसँगको सम्बन्ध पुनर्विचार गर्ने', 'एमसीसी अनुमोदन नगरे नराम्रो हुने,' र 'एमसीसी अनुमोदन नभए चीनका कारण त्यस्तो भएको बुझ्ने' सम्मको चेतावनी दिएका थिए ।

लुको चेतावनीको नेपाल भित्र आलोचना भयो । लगत्तै नेपालका लागि अमेरिकी राजदूतले सहायक विदेशमन्त्री लुको बचाउ गर्दै चेतावनी नदिएको जनाए । उनले एमसीसी अनुमोदन गर्ने वा नगर्ने विषय नेपालको आन्तरिक विषय भएको अभिव्यक्ति दिए ।

यो सबै भइरहँदा नेपालमा केही राजनीतिक दल र तीनका भातृ संगठनले एमसीसी विरूद्ध सडमा प्रदर्शन गरिरहेका थिए । यसमा सत्तारूढ दलका नेता तथा कार्यकर्ता पनि सहभागी थिए ।

एमसीसीलाई नेपाल भित्र व्यापक ध्रुविकरण भइरहेका बेला यस विषयमा फागुन ६ गते चीनले सार्वजनिक रूपमा मुख खोल्यो । नेपाल र अमेरिकाबीचको द्विपक्षीय विषयमा चीनले प्रवेश गर्यो । चीन द्विपक्षीय विषयमा जबरजस्ती प्रवेश गरेर अमेरिकाले नेपालमा एमसीसी अनुमोदन गराउन 'जबरजस्ती कूटनीति' अपनाएको आरोप लगायो । अमेरिकाको उक्त प्रयासको विरोध गर्ने समेत चीनले बतायो ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले बेइजिङमा आयोजना गरिएको पत्रकार सम्मेनमा उक्त प्रतिक्रिया जनाएका थिए ।

'अन्तर्राष्ट्रिय समुदायले नेपालको आर्थिक वृद्धि र जीविकोपार्जन सुधारमा सहयोग गरेको देख्दा चीन खुसी छ । तर, यस्तो सहयोग नेपाली जनताको इच्छाको पूर्ण सम्मानमा आधारित हुनुपर्छ र कुनै पनि राजनीतिक स्वार्थ नजोडिएको हुनुपर्छ । नेपालको सार्वभौमसत्ता र हितको विरूद्ध हुनेगरी गरिने कुनै पनि जबर्जस्ती कूटनीति र कार्यहरूको हामी विरोध गर्छौं,' एमसीसीका विषयमा प्रश्नगर्दा वाङले भनेका थिए ।

फागुन ६ गते नै काठमाडौंस्थित अमेरिकी दूतावासले सामाजिक सञ्जाल मार्फत अर्को विज्ञप्ति जारी गर्यो । उसले वाक स्वतन्त्रता र तथ्यमा आधारित खुला बहसको समर्थन गर्ने जनायो ।

'आफ्नो विचार व्यक्त गर्न पाउनु लोकतन्त्रको अन्तरनिहित विषयवस्तु हो र सबैलाई आफ्नो धारणा शान्तिपूर्वक राख्न छुट हुनुपर्छ । तर हिंसा या हिंसा भड्काउने किसिमका विचारहरू स्वीकार्य हुँदैनन्,' दूतावासले एमसीसीको विषयमा अफवाह नफैलाउन सबैलाई चेतावनी दियो ।

काठमाडौंस्थित अमेरिकी दूतावासले फागुन ७ गते फेरी अर्को विज्ञप्ति जारी गर्यो । विज्ञप्तिमा अमेरिकाले एमसीसी अनुमोदनलाई नेपालको सार्वभौम निर्णय बतायो ।

'नेपाली नेताहरूले एमसीसीको अनुमोदन गर्छन् या गर्दैनन् भन्ने निर्णय नेपालले गर्ने हो । एउटा सार्वभौम लोकतान्त्रिक मुलुकका रूपमा यो केवल नेपालको निर्णय हो,' अमेरिकी दूतावासले स्पष्ट शब्दमा भन्यो । दूतावासले एमसीसी अनुदान अमेरिकी जनताका तर्फबाट उपहार भएको समेत जनायो ।

एमसीसीलाई लिएर अमेरिका र चीनको वाकयुद्ध सुरू भएपछि नेपाल सरकारले विज्ञप्ति नै निकाल्नु पर्यो । परराष्ट्र मन्त्रालयले फागुन ८ गते विज्ञप्ति जारी गरी कुन सहायता चाहिन्छ भन्ने निर्णय नेपालको सार्वभौम संसदले मात्र

*बाँकी अन्तिम पृष्ठमा*

## आगामी चुनावसम्मै गठबन्धनले निरन्तरता पाउँछ : यादव



काठमाडौं । जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले सत्ता गठबन्धनले आगामी चुनावसम्मै निरन्तरता पाउने बताएका छन् । बिहीबार बालुवाटारमा बसेको गठबन्धन बैठकले यस्तो अनौपचारिक निष्कर्ष निकाले यादवले बताए । 'सत्ता गठबन्धनले आगामी चुनावसम्मै निरन्तरता पाउँछ, यो विषयमा दुई/चार दिनभित्र पार्टीको बैठक बसेर छलफल गर्छौं । सत्ता गठबन्धलाई चुनावसम्मै निरन्तरता दिने वा नदिनेबारे गठबन्धनमा आबद्ध पार्टीहरूले बेग्लाबेग्लै छलफल गरेर मात्रै सत्ता गठबन्धनले निर्णय लिने आजको गठबन्धनको बैठकमा सहमति भएको छ,' यादवले भने । अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) प्रतिनिधिसभा बैठकबाट अनुमोदन भएपछि सत्ता गठबन्धन बलियो भएको ठानिएको छ । एमसीसी कार्यान्वयनमा लैजान गठबन्धनमा आवद्ध दलहरू एकै ठाउँमा उभिने निर्णय गरेका छन् ।

## जसपा केन्द्रीय समितिको बैठक फागुन २९ र ३० गते

काठमाडौं । जनता समाजवादी पार्टी नेपालको केन्द्रीय कार्यकारिणी समितिको बैठकले फागुन २९ र ३० गते केन्द्रीय समितिको बैठक बोलाउने निर्णय गरेको छ । तीन दिनदेखि जारी बैठकले सो निर्णय गरेको कार्यकारिणी सदस्य राजकिशोर यादवले बताए । केन्द्रीय समितिको बैठक बस्नुअघि फागुन २८ गते जसपा संघीय परिषद्को बैठक बस्नेछ । विधान संशोधनका लागि असार १ र २ गते विधान अधिवेशन गर्ने निर्णय पनि बैठकले गरेको उनले बताए । स्थानीय तहको निर्वाचन निर्देशिका समिति पनि गठन गरेको छ । सो समितिमा कार्यकारिणी सदस्यहरू हिसिला यमी, मनिष सुमन र नवराज सुवेदीलाई राखिएको छ । त्यस्तै, बागमती प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशमा पार्टीको समायोजन फागुन मसान्तमा गर्ने निर्णय समेत भएको छ । पार्टीमा कार्यविभाजन, रिक्त पदपूर्तिलगायतको विषयमा भोलिदेखि छलफल हुने बताइएको छ । जसपाका संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराईले विधानमा व्यवस्था भए अनुसार दुईजना कार्यकारी अध्यक्ष राख्नुपर्ने प्रस्ताव राख्दै आएका छन् । जसपाको अन्तरिम विधानमा दुईजना अध्यक्षको व्यवस्था गरिएको छ । तत्कालीन समाजवादी पार्टी र राजपा नेपालबीच एकीकरण हुँदा बनेको जसपामा दुईजना अध्यक्षको व्यवस्था गरिएको थियो । महन्थ ठाकुर जसपाबाट अलग भएपनि सो विधान संशोधन गरिएको छैन । जसपाका अध्यक्ष उपेन्द्र यादव एकजना मात्र अध्यक्ष राख्ने पक्षमा छन् । उनी विधान अधिवेशन गरेर विधानबाट दुईजना अध्यक्ष राख्ने प्रावधान हटाउने पक्षमा रहेका छन् ।

## पुनर्गठित तमलोपाको अध्यक्षमा लाल




काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का असन्तुष्ट पक्षले पुनर्गठन गरेको तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)को नयाँ कार्यसमिति घोषणा भएको छ । लोसपाबाट अलग भएका बृशेष चन्द्र लाल ब्युँत्याइएको 'तमलोपा'को नयाँ अध्यक्ष भएका हुन । यस्तै लालसँगै लोसपाबाट बाहिरिएका डा. विजय सिंह वरिष्ठ नेतामा चयन भएका हुन् । जनकपुरमा आइतबार तमलोपाले ५५ सदस्यीय पदाधिकारीको नाम घोषणा गरेको छ । लाल र सिंहबाहेक सबै केन्द्रीय सदस्य छन् । महन्थ ठाकुर नेतृत्वको तमलोपा हुँदा लाल उपाध्यक्ष थिए । पछि समाजवादी फोरम र तमलोपा एकता भएपछि जसपा बनेको थियो । जसपा विभाजित भएपछि ठाकुरकै नेतृत्वमा लोसपा बनेको थियो । लोसपाको पार्टी नेतृत्वप्रति असन्तुष्टि जनाउँदै केही दिनअघि नेता लाल र डा. सिंह पार्टी परित्याग गरेका हुन् ।

## जीटुजीमार्फत् मल आपूर्ति गर्ने नेपाल र भारतबीच समझदारी

काठमाडौं । जीटूजी व्यस्थामार्फत भारतबाट नेपालतर्फ युरिया र डिएपी मल आपूर्तिका लागि नेपाल र भारत सरकारबीच समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

जीटूजी व्यस्थामार्फत भारतबाट नेपालतर्फ युरिया र डिएपी मलको दिर्घकालीन आपूर्तिका लागि भारत र नेपालबीच सोमबार एक समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

भारतको तर्फबाट भारत सरकार रसायन एवम् मल मन्त्रालयका सचिव राजेश कुमार चतुर्वेदी र नेपालको तर्फबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. गोविन्द प्रसाद शर्माले सो समझदारी पत्रमा हस्ताक्षर गरेका छन् ।

नेपाल सरकारका कृषि तथा पशुपन्छी विकासमन्त्री महिन्द्र राय यादव र नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राको उपस्थितिमा



आयोजित एक भर्चुअल समारोहका बीच दुई पक्षबीच समझदारी पत्रमा हस्ताक्षर एवम् समझदारी पत्रको आदानप्रदान भएको हो ।

सो समारोहमा सम्बन्धित मन्त्रालय र भारतीय तथा नेपाली दूतावासका अधिकारीहरूको पनि सहभागिता थियो । हस्ताक्षर समारोहमा बोल्दै सचिव राजेश कुमार चतुर्वेदीले भारत र नेपालबीचको निकट एवम् बहुपक्षीय सम्बन्धको चर्चा गरेका थिए । साथै उनले दुई पक्षबीच भएको सम्झौताले नेपालको अर्थतन्त्र तथा खाद्य सुरक्षामा सघाउ पुर्याई कृषिको क्षेत्रमा भएको द्विपक्षीय सहकार्यलाई थप अघि बढाउने अपेक्षा गरे ।

दुई पक्षबीच भएको यो समझदारीले नेपालमा बारम्बार दोहोरिने मल अभावको समस्यालाई सम्बोधन गर्नुका साथै कृषि उत्पादनमा वृद्धि ल्याई नेपाली किसानलाई लाभ प्रदान गर्ने अपेक्षा गरिएको छ । यो समझदारी पत्र भारत र नेपालबीचको द्विपक्षीय आर्थिक सहकार्यमा अर्को कोशेढुंगाको रूपमा रहको छ भने यसले भारतले नेपाललाई दिएको प्राथमिकतालाई पनि प्रतिबिम्बित गरेको भारतीय राजदूतावासले विज्ञप्तिमार्फत् जनाएको छ ।

## चीन रिसाउनुपर्ने कुनै कारण छैन



**सन्तोष मेहता**

नेपालको सार्वभौम संसदबाट अमेरिकी सहयोग परियोजना एमसीसी पारित हुनु एकदमै सुखद पक्ष हो । वास्तवमा नेपाल जस्तो देशलाई विभिन्न देशबाट अनुदानको आवश्यकता थियो । आजको विश्वमा जुनै देशलाई पनि अर्को देशको सहयोग आवश्यक छ । अमेरिकालगायत जुनसुकै देशले पनि अर्को देशबाट सहयोग लिएरै अगाडि बढेको हो । हामीजस्तो आर्थिक अभाव रहेको देशलाई त अझ बढी सहयोगको आवश्यकता हुन्छ । यही परिवेशमा विगत लामो समयदेखि एमसीसीमार्फत् अमेरिकाले नेपाललाई सहयोग गर्न खोजिरहेको थियो । त्यो एउटा प्रक्रिया थियो, त्यो प्रक्रियामा नेपालले एउटा निश्चित मापदण्डमा उत्रिएपछि अमेरिकाले एमसीसीमार्फत् सहयोग उपलब्ध गराउने निर्णयमा पुग्यो । त्यसपछि लगातार विभिन्न अपव्याख्याहरू हुने, अवरोधका बाबजुद पनि संसदबाट पास भयो जुन सुखद कुरा हो ।

एमसीसीले नेपालको विकास एउटा गेम चेन्जरको रूपमा साबित हुनेछ । यसको विरोध आवश्यक थिएन । हामी ती सबै नाटकहरू हेरिसक्यौं, पटाक्षेप भइसक्यो । जसरी भएपनि संसदले एमसीसी स्वीकार गर्‍यो, नेपाली जनताले स्वीकार गर्‍यो । यसका लागि हामी सबै नेपालीले अमेरिकी जनतालाई धन्यवाद दिनुपर्छ । व्याख्यात्मक टिप्पणीसहित एमसीसी नेपालको संसदबाट पास भयो । यो आवश्यक नै थिएन । एमसीसीविरूद्ध जुन किसिमका भ्रमहरू फैलाइएको थियो त्यसलाई त अमेरिकाले यसअघि नै स्पष्ट पारिसकेको थियो । एमसीसीको विरोधमा रहेका नेताहरूका लागि एउटा फेस सेभिङ्गको रूपमा मात्रै यो व्याख्यात्मक टिप्पणीसहित पारित भएको हो । यसले कुनै नयाँ काम गरेको छैन । यसप्रति अमेरिकालाई कुनै चासो पनि छैन ।

आमजनतामा जुन किसिमका भ्रमहरू फैलाइएको थियो त्यसको प्रष्टीकरण त एमसीसीले पहिले नै दिइसकेको थियो । व्याख्यात्मक घोषणा विरोध गर्ने नेताहरूका लागि एउटा आत्म सन्तुष्टि मात्रै हो । यस्तै, एमसीसीका उपाध्यक्ष फातिमा सुमार स्वयम् यहाँ आएर एमसीसीबारे उब्जाइएको प्रश्नहरूको जवाफ दिइसक्नुभएको थियो । तैपनि यो बखेडा झिक्नु बेकार थियो । त्यसैले व्याख्यात्मक घोषणाको कुनै अर्थ पनि छैन । किनभने पहिला यसको व्याख्या भइसकेको थियो । अमेरिकाका लागि दुई पक्षीय सम्झौता संसदबाट पारित हुनु मुख्य कुरा हो । अब नेपालको सरकारले एमसीसीबारे छरिएको भ्रम चिर्न के-के व्याख्या गर्छ त्यो हाम्रो आन्तरिक कुरा हो, यो अमेरिकाको विषय होइन । त्यसकारणले अमेरिकाले संसदबाट पारित भएपछि स्वागत गरिसक्यो ।

एमसीसी विरूद्ध चीनको एकपछि अर्को बयानबाजी र यता नेपालमा सी विचारधारा पक्षधरहरूको उग्र प्रदर्शनबीच पक्कै पनि कनेक्सन छ । यसबाट प्रष्ट भइसक्यो कि प्रचण्ड, माधव नेपाल, झलनाथ खनाल, भीम रावलहरूले कसैको प्रभावमा एमसीसीविरूद्ध कुराहरू गरिरहनुभएको थियो । कसैको प्रभावमा भ्रम फैलाउन खोजे पनि त्यो गलत थियो । पछि सत्ताकै कारण उहाँहरू समर्थनमा आउनुभयो । यो सबै अन्तर्राष्ट्रिय डेमोक्रेटिक समुदायको सामाजिक र मनोवैज्ञानिक वर्चस्वलाई नेपालभित्र निर्मूल पार्ने कोसिस हो । यसबाट नेपाली जनताको विकास र प्रजातान्त्रप्रतिको प्रतिबद्धतालाई नियन्त्रण गर्ने खालको तानासाही प्रवृत्तिलाई निम्ता दिने कोसिस भइरहेको प्रतीत हुन्छ । कथित राष्ट्रवाद र घृणाको कूटनीतिक राजनीतिले मुलुक अघि बढ्न सक्तैन । यो सबै नेपाललाई माया गर्ने डोनर एजेन्सीको गुडविल समाप्त पार्ने प्रयत्न गरिएको थियो ।

चीनसँगको सम्बन्ध नेपालको बिग्रिनु हुँदैन । चीनसँग पनि बीआरआई सम्झौता भएको छ । यद्यापि, चीनले अन्य देशहरूलाई ऋण दिँदा गरिने सम्झौतामा बहुत खतरनाकपूर्ण छ । हामीसँग सम्झौता हुँदा हामीले त्यस्तो खतरापूर्ण कुराहरू

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# वन्यजन्तु संरक्षणमा नेपाल–भारत सहकार्य

एउटा समाचार आएको छ, वन्यजन्तु संरक्षणका विषयमा अनुभव आदान-प्रदान गर्न नेपाल र भारतका अधिकारीबीचम समन्वयात्मक बैठक भएको छ। भारतको वाल्मीकि टाइगर रिजर्बको मङ्गुराहमा उक्त बैठक बसेको हो।

नेपालतर्फ चितवन राष्ट्रिय निकुञ्ज र भारततर्फ वाल्मीकि टाइगर रिजर्बले संयुक्त रूपमा सो बैठकको संयोजन गरेका थिए। बैठकमा वन्यजन्तु आवतजावतमा आवश्यक व्यवस्थापनका विषय, मानव वन्यजन्तु बीचको द्वन्द्व न्यूनीकरण र चोरीशिकारका विषयमा सूचना आदानप्रदान, आपसी सहयोगमा अभिवृद्धि जस्ता विषयमा छलफल भएको छ। वन र वन्यजन्तु संरक्षणका क्रममा सीमा क्षेत्रमा कुनै समस्या आइपरेमा तत्काल सम्बन्धित अधिकारीका बीचमा छलफल गरेर समाधान गर्ने विषयमा वृहत छलफल भएको छ।

वन्यजन्तुको वासस्थानमा निर्माण गरिएका भौतिक संरचना वन्यजन्तुमैत्री नहुँदा वन्यजन्तुको स्वतन्त्र विचरणमा अवरोध पुगेको छ। त्यस्ता ठाउँमा अन्डरपास र ओभरपासजस्ता वन्यजन्तुमैत्री पूर्वाधार नहुँदा विगत पाँच वर्षको अवधिमा सडक दुर्घटनाबाट बर्सेनि औषत १२३ वटा वन्यजन्तु मरेको राष्ट्रिय निकुञ्ज विभागको अभिलेख छ। निकुञ्ज क्षेत्रभित्र पर्ने सडक खण्डमा सबारी चाप बढ्दै गएकाले दिउँसोको समयमा वन्यजन्तु ओहोरदोहोर गर्न कठिन हुने गरेको छ। अहिले चितवन राष्ट्रिय निकुञ्जभित्र पर्ने कसरा वनकट्टा हुलाकी सडक खण्डमा दैनिक औषत ७२० वटा सवारीसाधन ओहोरदोहोर गर्ने गर्दछन्। यसबाट वन्यजन्तुको वासस्थान टुक्रिएको छ र तिनको स्वतन्त्र विचरणमा बाधा पुगेको छ। जीविकोपार्जनका अवसर कम भएका स्थानीय वासिन्दा निकुञ्ज क्षेत्रभित्र पस्ने हुँदा बाघ, गैडा, हात्तीको

अन्तर्राष्ट्रिय जैविक मार्गमा वन्यजन्तुलाई नेपाल-भारत आउजाउ गर्न सहज होस् र मानव तथा वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्न किसानलाई जडीबुटी खेतीतर्फ आकर्षित गराइएको छ।

आक्रमणमा परि मर्ने घटनामा वृद्धि भएका छन्। देश सङ्घीय संरचनामा गएपछि तीन तहका सरकारहरूबीच समन्वय र सहकार्य हुन नसक्दा मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गरी संरक्षण कार्यलाई सहज र द्वन्द्वमुक्त बनाउन कार्यान्वयनमा ल्याएको मध्यवर्ती क्षेत्र व्यवस्थापनको कार्यक्रम प्रभावहीन बन्दै गएको छ।

खुला सीमा नाकाको फाइदा उठाउँदै तस्करहरूले गरिब नेपाली र नेपाली भूमिलाई प्रयोग गर्दै वन्यजन्तुको तस्कर गर्दै आएको छ। विशेषगरी चीनमा वन्यजन्तुका आखेटोपहारबाट पुरानो पद्धतिको औषधि बनाउने, उपहार दिने चलन अझै व्याप्त रहेकाले अधिकांश आखेटोपहारको गन्तव्य चीन रहेको छ। वन्यजन्तुको छाला ओढ्नाले सामाजको प्रतिष्ठित व्यक्ति ठहरिने प्रचलन चीनका केही समुदायमा अझै छ। चीन, थाइल्यान्डमा बाघको हड्डीको सुप खाने प्रचलन रहेकाले बाघका हड्डीहरू समेत तस्करी हुने गरेको छ।

तराई भूपरिधि कार्यक्रमको अवधारणामा लालझाडी-दुधुवा जैविक मार्गले दुवै मुलुकका संरक्षित वन्यजन्तुलाई ओहोरदोहोरमा सहयोग पु-याउने उद्देश्यले अन्तर्राष्ट्रिय जैविक मार्गको अवधारणा अघि सारेको हो। यस मार्गबाट हात्ती, पाटेबाघ, चितुवा, मृग, चित्तल ओहोरदोहोर गर्छन्।

अन्तर्राष्ट्रिय जैविक मार्गमा वन्यजन्तुलाई नेपाल-भारत आउजाउ गर्न सहज होस् र मानव तथा वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्न किसानलाई जडीबुटी खेतीतर्फ आकर्षित गराइएको छ।

पछिल्लो समयमा नेपालतर्फको सामुदायिक तथा राष्ट्रिय वन क्षेत्रमा वन्यजन्तुलाई आवागमन सहज होस् भनेर कैलालीको मोहना-लालझाडी करिडोर (अन्तर्राष्ट्रिय जैविक मार्ग) मा बसोबास गर्ने स्थानीयलाई सचेत बनाउन थालिएको छ। साथै भएका पानीको मुहान संरक्षण तथा वन क्षेत्रभित्र नेपाल र भारतले तलाउ निर्माण गरेको छ।

लालझाडी पुरानो र घना बोटबिरूवा भएको ठूलो जंगल हो। यहाँ वन्यजन्तुको बासस्थानका लागि सुरक्षित मानिनुका साथै उनीहरूको आहारका लागि प्रशस्त सम्भावना (वन्यजन्तु तथा घाँसपात) पाइन्छ। त्यही भएर पनि भारतको दुधुवा नेसनल पार्कबाट वन्यजन्तु मोहना हुँदै लालझाडी आउजाउ गर्ने गर्छन्।

# ढाँट्ने राजनीतिका नकारात्मक परिणाम

**विचार-विश्लेषण** भाग–१२३



उपेन्द्र झा

गरिब देशका दरिद्र मानसिकताका राजनेताहरू वैदेशिक सहयोग लिंदै खाँदै गरेको अभ्यासले माँग्ने संस्कारबाट ग्रसित भए। नेपालसंग स्वार्थ पूरा गर्ने शक्तिराष्ट्रसंग आफ्नो लाभ सम्बन्ध बनाउने नेपालका राजनीतिक दलहरू कोही चीन कोही अमेरिका कोही यूरोपियन यूनियनलाई नेपाली भूमीमा आमंत्रित गरेका छन्। देश टाढा रहेपनि सबैको इन्टरेष्ट नेपालमा समान रूपले क्रियाशील छ।

राजनीति ! अर्थात् राज्य संचालन गर्ने नीति ? कस्तो हुने ? धार्मिक ग्रन्थ र राजनीति शास्त्रमा यसका अनेक विधी उल्लेख गरिएका प्रमाणहरू पाइन्छ। उहिले राज्यसत्ता संचालन गर्न गुणी, सत्यवादी, पराक्रमी, चरित्रवान, न्यायकर्ता तथा जन उत्तरदायी शासक हुन्थे। जनताका सुखदु:खका लागि ऐशोआराम मात्र होइन, राज्यसत्ता समेत त्यागने शासक भए जो आज पनि सम्मान पाउँछन्। हाम्रै छिमेकी मुलुक चीन र भारतका शासकहरू झण्डै डेढ अरब जनसंख्या सम्हाल्ने लोकप्रिय नेताको रूपमा प्रख्यात छन्।

राजनीतिमा छल, कपट, जाल, फरेब, धोखा रहेको औल्याउन खोज्दा आजका राजनीतिकर्मीहरू महाभारतकालमा पनि छल, कपटको राजनीति भएको उदाहरण दिन चुक्दैन। चराको आँखा मात्र देख्ने अर्जुनदृष्टि राख्ने राजनीतिकर्मीले युद्धको आचारसंहिता पालन हुने कुरा देखेन। सत्यको स्थापनार्थ गरिएको व्यवहार मात्र दृष्टिगोचर भयो।

मान्यौं, ती समयहरू धेरै पछाडि छुटि सकेका छन्। हामी आधुनिक आणविक, परमाणु युगमा आई सकेका छौं। तर परिवर्तित आधुनिक युगपनि मानव समाज कै हो। धेरै अनैतिक कुरा समाजमा प्रवेश गरेपनि समाज सत्यको आधार छाडेको छैन। मानव हो भने मानवता हुनै पर्छ। चोर डाकाले दुष्कर्म अपनाउँछन्। जनताका लागि राजनीति गर्नेहरूले अनैतिक बन्यो भने मानव समाजमा जंगलराज कायम हुन्छ। राजनैतिक अराजकता फैलिन्छ।

आधुनिक मानव त मानव हक केलाएर अधिकार सुनिश्चित गर्ने कानूनी व्यवस्था गरेको छ। विगतमा नपाएको अधिकार पनि मानिसले पाएका छन्। कसरी बुझ्ने आधुनिक मानव अनैतिक भई सकेका छन्। मानवीय गुणबाट स्खलित भई सकेका छन्। यदि यो होइन भने देशका शासकहरू किन अनैतिक बनेका छन् ? किन देश र जनताप्रतिको माया देखिदैन। किन देशको विकासप्रति अभिरूची देखाउँदैनन्। अनुहार फरक देखिएपनि प्रवृति भने सबैमा समान विकास भएको देखिन्छ। आफ्नो र आसेपासेको स्वार्थ पुरा गर्न अवसरको भरपूर फयदा उठाउने राजनीतिकर्मीहरू देश विकासप्रति गम्भीर किन बन्दैन। सरकार बनाउने भत्काउने दावपेंचलाई मात्र राजनीति बुझ्ने अनुभवी, परिपक्व राजनीतिकर्मीहरू जन अपेक्षा पूरा गर्ने राजनीतिलाई सहज किन बनाउँदैन।

आज सबै अनैतिक, भ्रष्ट, चोर, डाकाको संज्ञाबाट सामाजिक सञ्जालमा प्रचारित छन्। असल नेताको रूपमा कसैको नाम आई रहेको छैन। देशमा असल नेताको अभाव महसूस हुन थालेको छ। प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रका पृष्ठपोषक, सर्वहारालाई मालिक बनाउने विचार प्रवाह गर्ने विचारकहरू किन स्खलित भए ? झूठैझूठको सम्भाषण गर्ने राजनीतिकर्मीहरू जनताले पत्याउन छोडेपनि पुनश्च के मुखले जनताको सामना गर्छन्। आखिर कहिलेसम्म भ्रष्ट, अनैतिक जन प्रतिनिधीलाई जनताले बोक्ने। राजनीतिको शून्य गतिले देशमा आँधी, बेहरी ल्याउने अनुभव यिनलाई राम्ररी थाहा छ। तर पनि चेतना खुल्दैन।

एमसीसी पास भएदेखि सामाजिक सञ्जालमा सबै राजनीतिकर्मीहरूलाई श्रद्धाँजली दिने क्रम जारी छ। अनैतिकताको हदै पार गर्ने यी राजनीतिकर्मीहरू यस्ता बदनामीबाट के डराओस्। इज्जत नहुनेलाई बेइज्जतको के डर।

एमसीसी होस् कि बीआरआई नेपाली स्वाभिमानको हितमा छैन। गरिब देशका दरिद्र मानसिकताका राजनेताहरू वैदेशिक सहयोग लिंदै खाँदै गरेको अभ्यासले माँग्ने संस्कारबाट ग्रसित भए। नेपालसंग स्वार्थ पूरा गर्ने शक्तिराष्ट्रसंग आफ्नो लाभ सम्बन्ध बनाउने नेपालका राजनीतिक दलहरू कोही चीन कोही अमेरिका कोही यूरोपियन यूनियनलाई नेपाली भूमीमा आमंत्रित गरेका छन्। देश टाढा रहेपनि सबैको इन्टरेष्ट नेपालमा समान रूपले क्रियाशील छ।

अमेरिका र चीनको निजी स्वार्थको टकराहट नेपालमा देखिन लागेको छ। मध्यपूर्व र दक्षिण एशियामा चीनको प्रभाव विस्तार भारतलगायत अमेरिकालाई असहज भएको छ। बेल्ट एण्ड रोड इनिसिएटीभ्सलाई रोक्न अमेरिका अनेक विधी अख्तियार गरेको छ। नेपाल चीनको प्रभावमा चुर्लुम्म डुबेको भारत र अमेरिकाका लागि सह्य छैन। यी महाशक्ति देशको स्वार्थ टकराहट नेपालमा शीतयुद्धको रूपमा विकसित हुने प्रवल सम्भावना देखिन्छ। पारस्परिक द्वेषभाव राख्ने चीन र अमेरिकाको स्वार्थलाई नेपाल भूमिमा जोडिएबाट कडा प्रतिक्रिया आउनु स्वाभाविकै हो।

अमेरिका र चीनसंग सम्बन्ध बनाएपछि नेपाल दुई ध्रुवमा विभाजित भएको छ। अमेरिका र चीनको पक्षमा वकालत गर्ने राजनीतिकर्मीहरू आफ्ना आफ्ना मालिकको स्वार्थ पूरा गराउन तल्लीन देखिन्छन्। माँगेर खाने संस्कार भएका राजनीतिक अगुवाहरूमा देशप्रेम किञ्चित पनि देखिएन। प्रजातन्त्र पुनर्स्थापनाकै मिति लिने हो भने वैदेशिक सहयोग लिएको ३२ वर्ष भयो। देश विकासका लागि यिनले काम गरेको भए धेरै कुरामा देश आत्मनिर्भर भई सक्थ्यो। तर यिनी त्यसो गरेन। योजनाको नाममा आएको पैसालाई बाँडीचुँडी सिध्याए। धन कमाएर चुनाव जिते। राजनीतिमा वर्चस्व कायम गरेर शासन गरे। यही क्रम चल्दै रह्यो। देश बेसहारा भई परनिर्भर बन्दै गयो। यहाँ देशलाई ५ वर्षमा विकासोन्मुख देशमा रूपान्तरण गर्ने र १० वर्षमा समृद्धि ल्याउने भन्नेहरू ३२ वर्षमा के गरे देशका तथ्याँक सामुन्ने छ।

शक्ति सम्पन्न देश रूस आफ्नो प्रभावभन्दा बाहिर नेटोसंग सम्बन्ध गाँस्न चाहेको भनेर यूक्रेन जस्तो सानो कमजोर देशमाथि आक्रमण गरेर सिध्याउन लागेको अवस्थामा नेटो देशलगायत संसारका अत्यधिक देश अहिले यूक्रेनको सहायतामा उभिएको छ। हामी दुईबीचमा जोकोही आए नछाड्ने रूसको जिद्द र चेतावनीले तृतीय विश्वयुद्ध घरदैलोमा आई पुगेको अनुमान गर्न सकिन्छ। रूस जस्तै चीन पनि आक्रामक अवस्थामा रहेकोले नेपालमा अमेरिकाको उपस्थिति चीन कुनै हालतमा बर्दास्त गर्न सक्दैन। अमेरिकाले चीनलाई दक्षिण एशियामा प्रवेश गर्न रोक लगाउनको साथै तिब्बतलाई स्वतन्त्र गर्न समेत प्रयास गर्ने आशंकामा चीन आक्रामक देखिएका छन्।

अन्तर्राष्ट्रिय कानूनको उल्लंघन गरि युद्ध प्रेरित रूस, चीन र उत्तर कोरिया जस्ता सामरिक क्षेत्रमा सम्पन्न राष्ट्रहरूमा रूसले युद्धको शुरूआत गरि उत्तेजना फैलाउने काम शुरू गऱ्यो। नेपालमा चीन V/S अमेरिका र भारतबीचको अन्तर्द्वन्द्व चर्को रूपमा प्रष्टिने सम्भावना प्रवल छ।

janukjha24@gmail.com

# मिथिला माध्यमिकी परिक्रमा सुरू

जनकपुरधाम। मिथिलाको महाकुम्भ भनिने १५ दिने मिथिला माध्यमिकी परिक्रमा बिहीबारदेखि शुरू भएको छ। बिहीबा धनुषाको ठेराकचुरीस्थित श्री रामजानकी मठबाट अवधविहारी (श्रीराम) को प्रतिमा राखिएको डोला बोकेर निस्केको साधुसन्त र श्रद्धालु भक्तजनको भीडमा जनकपुरधामस्थित अग्निकुण्ड मठबाट किशोरीजी (सीताजी) को प्रतिमा राखिएको डोला प्रस्थान गरेको हो।

सो यात्रामा बाजागाजासाथ जानकी मन्दिर, राम मन्दिर, जनक मन्दिर र जनकपुरस्थित पवित्र तलाउहरू गङ्गासागर र धनुषसागरको प्रदक्षिणा गर्दै हनुमानगढीमा रात्रिबास गरिनेछ। यो बाससँगै मिथिला माध्यमिकी परिक्रमा फागुन शुक्लपक्षभरि प्राचीन मिथिलाका विभिन्न तीर्थस्थलको परिक्रमा गरेर जनकपुर नै पुगेर सम्मापन गरिनेछ।

मिथिला माध्यमिकी परिक्रमामा प्रारम्भको पहिलो दिन हनुमानगढी, दोस्रो दिन कल्याणेश्वर (कलना), तेस्रो दिन फूलहर स्थित गिरिजा स्थान, चौथो दिन महोत्तरीको मटिहानी,पाँचौं दिन जलेश्वर, छैटौं दिन मडै, सातौं दिन ध्रुवकुण्ड, आठौं दिन कञ्चनवन पुगेर त्रेतायुगमा राम र सीताले होली मनाएको लोकमान्यता अनुसार त्यहाँ यात्रीहरूले होली महोत्सव मनाउने गरेका छन्।

नवौं दिन पर्वता, १० औं दिन धनुषाधाम, ११ औं दिन सतोखर, १२ औं दिन औरही १३ औ दिन भारतको करूणा र १४ औं दिन विसौल र अन्तिम १५ औं दिन जनकपुरधाममा रात्रिबासको परम्परा छ। बिसौलमा पुगेर विधिवत् रूपमा मध्यमा परिक्रमा समापन हुनेछ।

तत्पश्चात परिक्रमा ४ गते जनकपुरधाम पुगेर जनकपुरधामको पाँचकोशे अन्तरगृह परिक्रमा गर्ने परम्परा रहिआएको छ। स्वस्फुर्त रूपमा आफ्नै घरबाट भोजनसहित हजारौंको संख्यामा यात्रीहरूले यस परिक्रमामा सहभागीता जनाउने गरेका छन्।

यो यात्रा १ सय ३३ किलोमिटरको रहेको बताइन्छ। यता मन्दिरहरूबाट परिक्रमाको लागि तयारी पूरा भए पनि यात्रुहरूको लागि आवश्यक ठाउँ ठाउँमा चाहिने शौचालय तथा खानेपानीको चरम समस्या हुने गरेका छन्।

यो यात्रा १ सय ३३ किलोमिटरको रहेको बताइन्छ। यो धार्मिक यात्रामा मित्रराष्ट्र भारतको मधुवनी जिल्लामा चार रात्रिबास हुनेछ। मिथिलाको हिन्दू परम्परामा भगवान् शिव र विष्णु लक्ष्मीका अवतार मानिने श्रीराम र सीता समानरूपले पूज्य रहेको जानकारहरू बताउँछन्।

त्यसैगरी त्रेता युगमा विवाहपश्चात् राम जानकीले विहार गर्दै मिथिला परिक्रमा गरेका सम्झनामा आयोजना हुँदै आएको मिथिला माध्यमिकी परिक्रमाका चार सुरमा प्रसिद्ध शिवालय छन्।

यात्रीले यी शिवालयको प्रदक्षिणा गर्ने परम्परा छ। पूर्वमा दक्षिणमा कल्याणेश्वर, दक्षिण पश्चिममा जलेश्वरनाथ, उत्तर पुर्वमा क्षीरेश्वरनाथ र पुर्वमा सतोखरनाथ यस क्रममा प्रदक्षिणा गरिने शिवालय हुन्।

शिवले आफ्ना इष्टदेवमा भगवान् रामको र श्रीरामले शिवको आराधना गरेका प्रसङ्ग रामायण र शिवपुराणमा भेटिनुले हिन्दू परम्परामा यी दुवै देवको समान पूजाआराधना परम्परा चलेको हो।

मिथिला माध्यमिकी परिक्रमाका यात्रीलाई रात्रीबासमा स्थानीयले बासस्थान, भोजन, पानी, प्राथमिक स्वास्थ्य उपचारको प्रबन्ध गर्ने चलन छ। यसबाहेक बाटोमा पर्ने बस्तीमा यात्रीको पाउ पखाल्ने, शीतल जल सर्वतले स्वागत गर्छ। परिक्रमामा नेपाल र भारतका हजारौं यात्री सहभागी हुने गरेका छन्।

# दुई–तीन दलीय व्यवस्था लागू गर्ने षड्यन्त्र

सबै दलहरू निर्वाचन जस्तो पर्वमा उत्साहपूर्वक सहभागी हुन पाउने वातावरण सरकारले बनाउनुपर्छ । अहिले हामी निर्वाचनको तयारी गरौं कि यसको विरूद्धमा आन्दोलन गरौं भन्नेमा अल्झिरहेको अवस्था छ । हामी पनि उत्साहपूर्वक निर्वाचनमा लाग्ने वातावरण सरकारले त बनाउनुपर्छ । त्यसका लागि हामी दबाब सिर्जना गर्छौं ।



**मो.रिजवान अन्सारी**

**अध्यक्ष, नेपाल संघीय समाजवादी पार्टी**

**० स्थानीय निर्वाचनमा नेपाल संघीय समाजवादी पार्टीको तयारी कस्तो छ ?**

– हामीले देशभरि नै स्थानीय निकायमा आफ्नो उम्मेद्वारी दिने तयारीमा छौं । ४४ जिल्लामा मात्रै हाम्रो संगठन भएपनि अन्यो जिल्लाहरूमा पनि उम्मेदवार तयार गरिरहेका छौं । सरकारले घोषणा गरेको स्थानीय चुनावको हामी स्वागत पनि गरेका छौं । तर कहीं न कहीं हाम्रो देशमा दुई/तीन दलीय व्यवस्था लागू गर्ने षड्यन्त्र भइरहेको छ । त्यही षड्यन्त्रअन्तर्गत स्थानीय निर्वाचनमा राष्ट्रिय दलबाहेक अरूलाई निर्वाचन चिन्ह नदिने अलोकतान्त्रिक, असंवैधानिक र निरंकुश निर्णय गरेको छ । त्यो निर्णयको हामी घोर भर्त्सना र निन्दा गर्छौं । नेपालको संविधानबमोजिम सबै प्रक्रिया पूरा गरी निर्वाचन आयोगमा दर्ता भएका दलहरूलाई आफ्नो चुनाव चिन्ह नदिनु अलोकतान्त्रिक र तानाशाही कार्य हो । यसले बहुदलीय व्यवस्थाको मर्मलाई कमजोर गर्ने अवस्था सिर्जना गरेको छ । अविलम्ब यसलाई सच्याएर सबै दलले आफ्नो पहिचानसहित देशभरि चुनाव लड्न पाउनुपर्छ भन्ने हाम्रो माग हो । यसका लागि हामी संघर्षमा छौं, कानूनी लडाइ पनि लडिरहेका छौं ।

**० अहिलेको अवस्थामा स्थानीय चुनाव सम्पन्न हुने सम्भावना छैन ?**

– तोकिएको मितिमा यदि सरकारले स्थानीय चुनाव गराउन चाहन्छ भने सबै दललाई आआफ्नो चुनाव चिन्ह दिनुपर्छ । स्थानीय चुनाव गराउन सरकार नै इमान्दार देखिएन । त्यसको वातावरण सरकारले बनाउने हो । आफ्नो पहिचानसहित राजनीतिक दलहरू नै त्यो निर्वाचनमा भाग लिन पाउँदैन भने कस्तो चुनाव हो ? राजनीतिक दलहरू सहर्ष निर्वाचनमा भाग लिन पाउने वातावरण सरकारले बनाउनुपर्छ ।

**० तपाईंहरूले आफ्नो निर्वाचन चिन्ह पाउनुपर्छ भन्नुभएको छ तर सरकारलाई दबाब पुगेको छैन नि?**

– सरकारले स्थानीय चुनावको घोषणा गरिसकेपछि ३० दलको बैठक बसेको थियो । त्यो बैठकले एउटा संघर्ष समिति घोषणा गरेको छ । त्यो संघर्ष समितिले कानूनी लडाइ पनि लड्ने र राजनीतिक लडाइ पनि लड्ने भनेर अगाडि बढिरहेका छौं । अब अन्य दलहरूलाई पनि यसमा सामेल गरेर सशक्त संघर्ष समिति गठन गरेर दबाबमूलक कार्यक्रम लिएर अगाडि बढाउँछौं । यदि सरल तरिकाले हाम्रो माग पूरा भएन भने हामी सशक्त आन्दोलनमा जान्छौं ।

**० भनेपछि स्थानीय चुनाव हुन नदिने तपाईंहरूको तयारी हो?**

– चुनाव हामीले हुन नदिने होइन, हामीले त स्वागत नै गरेका छौं । तर त्यसकालागि वातावरण त सरकारले बनाउनुपर्‍यो । सरकारले त्यो वातावरण बनाउँछ भन्ने विश्वास छ ।

**० स्थानीय तहको चुनाव निर्दलीय हुनुपर्ने कुराहरू उठिरहेको छ नि?**

– स्थानीय चुनावमा पनि दलीय व्यवस्थाअनुसार चुनाव हुनुपर्छ भन्ने प्रावधान संविधानमा जसरी ल्याइयो, यसको पछाडि पनि ठूलो कारण छ । लोकतन्त्र र बहुदलीय व्यवस्थालाई बलियो बनाऔं भन्ने हिसावले स्थानीय चुनावमा दलीय व्यवस्था ल्याइएको हो । यसको मतलब यो थिएन कि केही दलले मात्रै आफ्नो चुनाव चिन्ह पाउने, बाँकीले नपाउने । निर्वाचन चिन्ह सबैले पायो भने धेरै राम्रो हो । हाम्रो छिमेकी भारतमा पनि स्थानीय निर्वाचन निर्दलीय हिसाबले हुने गरेको अनुभव छ । त्यहाँ लोकतन्त्रमाथि खतरा हुने अवस्था देखिएको छैन । तर नेपालीजनताको दुर्भाग्य के रहयो भने यहाँ कहिल्यै पनि राजनीति स्थिरता भएन । नेपालमा कुनै पनि क्रान्तिले सफल र सम्पन्न रूप लिन सकेको अवस्था छैन । यसलाई क्रान्ति पनि भन्न मिल्छ कि मिल्दैन भन्ने जस्तो लाग्छ । किनभने क्रान्तिले एउटा चीजलाई निषेध र अर्कोलाई स्थापित गर्छ ।

**० राष्ट्रिय दलको मान्यता प्राप्त दलले मात्रै स्थानीय चुनावमा आफ्नो चुनाव चिन्ह प्रयोग पाउने व्यवस्था ठिक होइन?**

– यो बिल्कुलै ठिक होइन । सबै दलहरू निर्वाचन जस्तो पर्वमा उत्साहपूर्वक सहभागी हुन पाउने वातावरण सरकारले बनाउनुपर्छ । अहिले हामी निर्वाचनको तयारी गरौं कि यसको विरूद्धमा आन्दोलन गरौं भन्नेमा अल्झि रहेको अवस्था छ । हामी पनि उत्साहपूर्वक निर्वाचनमा लाग्ने वातावरण सरकारले त बनाउनुपर्छ । त्यसका लागि हामी दबाब सिर्जना गर्छौं ।

**० यो स्थानीय चुनावमा तपाईंहरूको कस्तो अपेक्षा छ ?**

– गत निर्वाचनको बेला हाम्रो पार्टी नयाँ नै थियो । एउटा गाउँपालिका र एक नगरपालिकामा हाम्रो जनप्रतिनिधि निर्वाचित भएका थिए । तर यो चुनावमा हाम्रो धेरै राम्रो अवस्था आउने महसुस गरेका छौं । किनभने नेपाली जनताले जुन विश्वासका साथ कम्युनिष्ट पार्टीलाई लगभग दुई तिहाइको मत दिएको थियो, ती एजेण्डाहरू पूरा गर्न कम्युनिष्ट असफल भएको अवस्था छ । उनीहरू सत्ताकालागि आफैं नै लडेर टुक्रा-टुक्रा भए । कांग्रेसको अवस्था पनि त्यहीं हो । हामी उत्पीडित जनताको लागि पार्टी खोलेका हौं । सम्पूर्ण नेपालीलाई समानताको अनुभूति होस् । यो पार्टीले सबै उत्पीडित जनतालाई समेट्ने स्थिति छ । मधेशको नाममा खोलिएका दलहरू जसपा, लोसपा सत्ताका लागि एक ठाउँमा जम्मा पनि भए, फेरि सत्ताकै भागवण्डाका लागि पार्टी विभाजन गर्ने काम गरे । सत्ता समर्पण र मुद्दा विसर्जनवादीहरूबाट मधेशी जनता वा नेपालको उत्पीडित जनताले मुक्ति पाउँदैन भन्ने कुरा महसुस गर्न थालिएको छ । पूराना दलहरूले जति गर्नुभयो त्यसका लागि उहाँहरूलाई धन्यवाद दिऔं तर यसभन्दा बढी गर्न सक्छौं भन्ने अपेक्षा नगरौं । अब नयाँ नेपाल निर्माण, समानताको जगमा उभिएको नेपाल निर्माण र राजनीतिक स्थिरताका लागि सर्वस्वीकार्य संविधानको आवश्यकता छ । जसमा सबैले अपनत्वको महसुस गरोस् । त्यसपछि राजनीतिक स्थिरता हुन्छ, दिगो शान्ति हुन्छ र हामी विकास निर्माणको कार्यमा अगाडि बढ्छौं । जबसम्म केन्द्रीय सत्तामा उत्पीडित जनताको हस्तक्षेपकारी भूमिका हुँदैन तबसम्म यी मुद्दा स्थापित गर्न सकिँदैन । त्यसका हामीले राजनीतिकशक्तिको निर्माण गर्नुपर्‍यो ।

**० प्रदेश र संघको चुनावमा तपाईंहरूले कुन दलसँग सहकार्य, गठबन्धन वा एकता गर्नुहुन्छ ?**

– पूरानै मानसिकताको जगमा उभिएका दलहरूबाट अब नयाँ नेपाल निर्माण हुने देखिएको छैन । त्यसकारणले समानताको जगमा उभिएको नेपाल निर्माण गर्नका लागि नयाँ दल, नयाँ मोर्चा र नयाँ नेतृत्व अगाडि आउनुपर्छ । वर्तमान राजनीतिक नेतृत्व असक्षम, अयोग्य र बेइमान हुन् । त्यसकारणले अब यिनीहरूले नेपालका चुनौतीहरूलाई सामना गर्न सक्दैनन् । त्यसकारण, नयाँ दल, मोर्चा र नेतृत्वको आवश्यकता छ । त्यसका लागि हामी विभिन्न नयाँ दलहरूसँग छलफल गर्दैछौं ।

**० आगामी चुनावमा जसपा, लोसपालगायतका दलहरूसँग सहकार्यको सम्भावना छैन ?**

– अहिलेसम्म त्यो देखिएको छैन । हामीले नयाँ दलको रूपमा डा.सीके राउत, रेशमलाल चौधरी, लिम्बूवानको कुमार लिङ्देन लगायतका जो अहिलेसम्म सत्तामा पुगेका छैनन् र इमान्दार छन् ती दलहरूसँग सहकार्य, एकता र गठबन्धनको प्रयासमा छौं । विचार मिल्ने दलहरूसँग सहकार्य गरेर अगाडि बढ्ने हाम्रो योजना हो ।

**० नेपालमा मधेशीलगायत उत्पीडित समुदायहरूको मुक्ति आन्दोलनको अवस्था के छ ?**

– मधेशीलगायत नेपालका उत्पीडित समुदायहरूको आन्दोलनले धक्का खाएको अवस्था छ । आन्दोलन समाप्तै भइसक्यो, अब उठ्दैन भन्ने होइन । अब नयाँ ढंगले आन्दोलन एकीकृत हुन्छ । जसले आन्दोलनको नेतृत्व गरेको थियो, उसले उत्पीडित जनतालाई धोका दिएको अवस्था छ । सत्ताका लागि मुद्दालाई विसर्जन गरिदिएको अवस्था छ । त्यत्रो ठूलो बलिदानलाई बिना उपलब्धि समाप्त गरिदिएको छ । त्यसकारणले अहिले उत्पीडित समुदायहरूको आन्दोलन अलि रक्षात्मक अवस्था हो । तर यसलाई हामी पुनर्संगठित गर्दैछौं । यो आन्दोलनले आफ्नो लक्ष्य पूरा नगरेसम्म रोकिनेवाला छैन । जबसम्म समानताको अनुभूति सम्पूर्ण नेपाली जनतालाई हुँदैन तबसम्म जारी रहन्छ ।

**० नेपाल संघीय समाजवादी पार्टीको मूल एजेण्डा के हो त ?**

– उत्पीडित जनताका लागि एउटा राजनीतिक शक्ति निर्माण गर्ने हाम्रो उद्देश्य हो । नेपालमा राजनीतिक दलहरू त धेरै छन्, उत्पीडित जनताको नाममा पनि छन् तर उत्पीडित जनताको राजनीतिक शक्ति निर्माण हुन सकेको अवस्था छैन । त्यसतर्फ हामी अगाडि बढिरहेका छौं ।

# मधेशको पहिचानलाई शक्तिमा रूपान्तरण गर्नुपर्छ



**सुरेश मण्डल**

**केन्द्रीय सदस्य, जनता समाजवादी पार्टी नेपाल**

यदि हामी मधेश आन्दोलनका इमान्दार कार्यकर्ता हौं भने मधेशी शक्तिहरू मिल्नैपर्छ । बाँकी दलहरू हाम्रा यात्राका साथीहरू मात्रै हुन् । तर गन्तव्यसम्म पुग्नका लागि लोसपा र जसपा मात्रै होइन, बाँकी रहेका साना-साना शक्तिहरूलाई पनि मूलधारमा ल्याउनुपर्छ । मधेशलाई समग्ररूपमा अधिकार सम्पन्न बनाउनका लागि सम्पूर्ण मधेशवादी शक्तिहरू एकजुट हुनैपर्छ ।

**० प्रदेश २ को नामाकरण मधेश प्रदेशका लागि तपाइँहरू सुरूदेखि लाग्नुभएको थियो, अन्ततः मधेश प्रदेश कायम भयो, सन्तुष्ट हुनुहुन्छ ?**

– मधेश जनविद्रोह-२०६३ माघको आन्दोलनको सबभन्दा लोकप्रिय नारा मधेश प्रदेश नै थियो । सोही अनुरूप हामीले प्रदेश २ लाई मधेश प्रदेश नामांकरण गरौं भन्ने आवाज उठाउँदै आएका थियौं । त्यो जायज पनि थियो । किनभने अहिले हामी जुन परिस्थितिमा छौं, यो अत्यावश्यक थियो । भनिन्छ, जसको नीति, उसको नेतृत्व । यो देशमा संघीयता ल्याउने मधेश प्रदेश हो । प्रदेशसभा मधेश आन्दोलनको योगदान हो, मधेश सरकार पनि मधेश आन्दोलनको योगदान हो । त्यसकारण हामी जुन रोष्ट्रमबाट बोलिरहेका थियौं, हामीलाई लागिरहेको थियो कि जायज कुरा उठाइरहेका छौं ।

जनता समाजवादी पार्टीले सुरूदेखि मधेश प्रदेश नामाकरण गर्ने र राजधानी जनकपुरधामलाई तय गर्ने पक्षमा थियो । यी दुईटा विषयमा जसपा स्पष्ट थियो । त्यसपछि हामीबाट छुटिएर गएको लोसपा पनि सुरूदेखिको अडानमा इमान्दारिता देखायो । यसरी दुईटा पार्टी एक ढिक्का भएर मधेश प्रदेशको पक्षमा उभिँदा एउटा राम्रो माहोल बन्यो । अहिले जुन मधेश सरकारको केमेष्ट्री छ, त्यसमा माओवादी, कांग्रेस, नेकपा एस पनि छन् । यसले पनि मधेश प्रदेशको पक्षमा दुई तिहाइ पुर्‍याउन मद्दत गरेको हो । खासगरी माओवादीले त मधेश प्रदेशको पक्षमा संस्थागत निर्णय नै गर्‍यो ।

हाम्रा धरातलीय यथार्थ मधेश हो । त्यसकारण, कांग्रेस, कम्युनिष्ट जेसुकै होस् अश्लियत मधेश नै हो । ती पार्टीका शीर्ष भनाउँदा मधेशी नेताहरूले मधेशीकै नाउँमा अवसर पाउँछन् र विभेद पनि मधेशीकै नाउँ हुन्छ । त्यसले गर्दा आफ्नो जुन पहिचान छ मधेश, त्यसलाई शक्तिमा रूपान्तरण गरौं । प्रदेश नामाकरणको आधार पहिचान र सामर्थ्य हो । आजको दिनमा मधेश यो देशको एउटा पक्ष हो । नेपालको राजनीतिलाई विश्लेषण गर्दा यो देशमा दुईटा पक्ष छन् । संविधान निर्माणको बेलालाई हेर्दा मधेशलाई छोडेर बाँकी सबै शक्ति एक भइहाले । त्यसले स्पष्ट देखायो कि यो देशमा दुईटा शक्ति र दुईटा पक्ष मात्रै छन् । मधेशले पूर्व मेचिदेखि पश्चिम महाकालीसम्मको प्रतिनिधित्व गर्छ । जब हामी जय मधेश भन्छौं, अनि यो राज्यले धक्का हान्छ । त्यसकारण प्रदेश २ को नामाकरण मधेश हुँदा एकदम राम्रो काम भएको छ ।

**० तर आठ जिल्लामा मात्रै मधेश प्रदेशलाई खुम्च्याउनुभयो नि ?**

– हाम्रो माग त समग्र मधेश एक प्रदेश नै थियो । तर राज्यले हामीसँग छलफल गर्दा एक मधेश दुई प्रदेश स्वीकार गर्‍यौं । राज्य पुनर्संरचना आयोगको बहुमतको प्रतिवेदनले मधेशमा दुई प्रदेशसहित १०+१ प्रदेशको अवधारणा ल्याएको थियो । जनता समाजवादी पार्टी नेपालको अहिले पनि यही धारणा छ र यसलाई पूरा गराउन हामी लाग्छौं । हामीले मधेश प्रदेशलाई आठ जिल्लामा खुम्च्याएको होइन, बरू मधेश आन्दोलनको सम्मानस्वरूप आठ जिल्लाको भएपनि हामीले मधेश प्रदेश राख्न सफल भयौं । यो मधेश प्रदेश कञ्चनपुर, कैलाली लगायतका जिल्लाको पनि आस्थाको केन्द्र हो । कांग्रेस, एमाले र माओवादीहरूले मधेशलाई खण्डित गरे । हामीले पाएको आठ जिल्लालाई पनि यदि मधेश प्रदेश नराखेको भए मधेश आन्दोलनको उपलब्धि ओझेलमा पर्थ्यो । अबको हाम्रो रणनीति भनेको मधेश प्रदेशलाई टेकेर संविधान संशोधन गराउने हो । संविधान संशोधन नगरेसम्म यो देश समृद्धितिर जाँदैन । संविधान संशोधनमा अन्य धेरै कुराहरू भएपनि महत्वपूर्ण पक्ष भनेको सीमांकन नै हो । हामीले यो मधेश प्रदेश दूरदर्शिताको आधारमा राखेका हौं ।

**० भनेपछि आठ जिल्लामा मात्रै मधेश प्रदेश सीमित रहँदैन ?**

– पक्कै पनि आठ जिल्लामा मात्रै मधेश प्रदेश सीमित रहँदैन । यसले कञ्चनपुर, कैलालीको पनि भावना र आस्थालाई समेटेको छ भने सुनसरी, मोरङ, झापाको पनि । यो मधेश प्रदेश प्रदेश आठ जिल्लाको मात्रै देन होइन, मधेशका २२ जिल्ला र दुई सयभन्दा बढीको सहादतबाट प्राप्त भएको हो । त्यसकारण, हामी मधेशका सबै जिल्लाको प्रतिनिधित्व गर्दैछौं ।

**० जसपामा फेरि विवादहरू देखा पर्न थालेको छ, विभाजनको संकेत त होइन ?**

– मुख्यतः एउटा जीवन्त पार्टीमा बौद्धिक र वैचारिक अभ्यास हुन्छ । जसपा एउटा जीवन्त पार्टी हो, ठूलो पार्टी हो । यसमा बौद्धिक अभ्यास हुनु जरूरी छ । जहाँसम्म विभाजनको कुरा छ, यसमा ढुक्क हुनुस् जसपा एक ढिक्का छ । पार्टीभित्र विभिन्न बहसहरू हुन्छन्, त्यसलाई हामीले समाधान गर्ने हो । म त भन्छु, मधेशका सारा शक्ति एक हुनुपर्छ । लोसपा पनि सँगै आउनुपर्छ । किनभने अबको हाम्रो राजनीतिक यात्रा भनेको संविधान संशोधन हो । त्यो अभिभारा पूरा गर्न हामी सबै मिल्नैपर्छ । यो राज्यलाई धक्का दिने शक्तिको आवश्यकता छ । त्यसका लागि हामीसँग संख्या चाहिन्छ । सम्पूर्ण मधेश एक ढिक्का भयौं भने हामीले चाहेजस्तो संविधानमा संशोधन गर्न सक्छौं । हामी सानो-सानो टुक्रामा विभाजित हुँदा शक्ति सञ्चय हुन सक्दैन ।

**० जसपाबाट फुटेर लोसपा निर्माण भएको ताजै उदाहरण छ, तपाइँहरू फेरि एकताको कुरा गर्नुहुन्छ ?**

– यदि जनताप्रति जवाफदेही भएर राजनीति गर्ने हो भने एक हुनैपर्छ । मधेशी जनताको मूल एजेण्डा संविधान संशोधन हो, त्यसका लागि शक्ति चाहिन्छ । विगतमा जुन टुटफुट भयो, त्यसबाट शिक्षा लिएर हामी एकजुट भएर गयौं भने मात्र मधेश आन्दोलनको कार्यदिशा पूरा हुन्छ ।

**० जसपाबाट लोसपा बन्नुमा मुख्य तत्व त उपेन्द्र यादव नै रहनुभयो नि ?**

– यसमा दुवैतर्फका शीर्ष नेताहरूको गल्ती छ । त्यसको हामी प्रत्यक्षदर्शी हौं । दुवैतिर कमी कमजोरीहरू भयो । जसको प्रतिफल अहिले जसपा र लोसपामा विभाजित भयो । त्यसकारण, उपेन्द्रजीको मात्रै गल्ती थिएन ।

**० फेरि चुनावहरू आउँछ, जसपा अहिलेको गठबन्धनसँग चुनावमा जान्छ कि मधेशी शक्तिबीच सहकार्यको प्रयास गर्छ ?**

– अहिले सत्ता साझेदारको हिसावले जसपा गठबन्धनमा छ । तर चुनाव सरकारभन्दा फरक कुरा हो । भोलिका दिनमा सबै बाटाहरू खुल्ला राख्नुपर्छ । तर मधेशको केमेष्ट्री लोसपासँग नै मिल्छ । एजेण्डामा हामी लोसपासँग नजिक हुन्छौं ।

**० आगामी प्रदेश र संघको चुनावमा फेरि मधेशी गठबन्धन हुन्छ ?**

– यो हुन्छ नै । २०६४ फागुनमा हामीले संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा बनाएर मधेश आन्दोलन गर्‍यौं, त्यो सफल आन्दोलन थियो । जसले राज्यसँग आठबुँदे सम्झौता गर्‍यो । अहिलेसम्मको सबैभन्दा सफल आन्दोलन यहि नै हो । त्यो आठबुँदेलाई यदि हामी बटमलाइन मानेर गयौं भने अन्य केही पनि खोज्नु पर्दैन । त्यही आठबुँदेलाई कार्यान्वयन गराउन सक्यौं भने मधेशका सबै मागहरू पूरा हुन्छन् । त्यसैले मधेशी शक्तिहरू एकजुट हुनु मधेशको आवश्यकता हो । मधेशको राजनीति गर्नुहुन्छ भने मधेशप्रति जिम्मेवार हुनुपरेन ?

**० जसपा र लोसपा नमिलेसम्म मधेशका मागहरू पूरा हुने सम्भावना छैन ?**

– यो यथार्थ हो । यदि हामी मधेश आन्दोलनका इमान्दार कार्यकर्ता हौं भने मधेशी शक्तिहरू मिल्नैपर्छ । बाँकी दलहरू हाम्रा यात्राका साथीहरू मात्रै हुन् । तर गन्तव्यसम्म पुग्नका लागि लोसपा र जसपा मात्रै होइन, बाँकी रहेका साना-साना शक्तिहरूलाई पनि मूलधारमा ल्याउनुपर्छ । मधेशलाई समग्ररूपमा अधिकार सम्पन्न बनाउनका लागि सम्पूर्ण मधेशवादी शक्तिहरू एकजुट हुनैपर्छ ।

# लोसपामा हस्ताक्षर दुरूपयोग !



काठमाडौं । निर्वाचन आयोगले स्थानीय तह निर्वाचन प्रयोजनको लागि दल दर्ताकोलागि चाहिने डकुमेण्टमध्ये पहिलो नम्बरमा केन्द्रीय समितिको बैठकको माइन्युटिङ हुनु पर्ने बाध्यात्मक व्यवस्था गरेको छ । दल दर्ता सम्बन्धी कार्यविधिमै यो व्यवस्था राखिएको छ ।

तर लोकतान्त्रिक समाजवादी पार्टीले स्थानीय तह निर्वाचन प्रयोजनको लागि निर्वाचन आयोगमा केन्द्रीय समितिको बैठक नबोलाएरै दल दर्ता गराएको छ । केन्द्रीय सदस्यहरूले गरेको पुरानो हस्ताक्षरलाई दुरूपयोग गरी आयोगमा डकुमेण्ट बुझाएको भन्दै लोसपाभित्र विवाद शुरू भएको छ ।

लोसपाका कार्यकारिणी समितिका सदस्य राजिव झाले पार्टीको केन्द्रीय समितिको बैठक बसेको आफूलाई थाहा नभएको बताए । पार्टी गठन भएदेखि अहिलेसम्म एक पटक केन्द्रीय समितिको बैठक बस्न नसकेको उनले दाबी गरे ।

गत भदौ १ गते निर्वाचन आयोगमा पार्टी दर्ता गर्न जाँदा लोसपाका नेताहरूले ३० सदस्यीय कार्यकारिणी समितिको सूची बुझाएका थिए । त्यही सूचीलाई नै उनीहरूले केन्द्रीय समिति मान्दै आएका छन् ।

त्यसबेला संकलन गरिएको हस्ताक्षरलाई दुरूपयोग गरी आयोगमा पटक पटक सूची बुझाइएको भन्दै लोसपाका केही नेताहरूले आपत्ति जनाएका छन् । अर्का एक कार्यकारिणी समितिका सदस्यले भने, 'आयोगमा बुझाएको सूची फेक सूची हो । अब यस बारेमा आयोगले पनि छानविन गर्नुपर्छ ।'

राष्ट्रिय सभाको निर्वाचनको प्रयोजनको लागि आयोगमा दर्ता गराउँदा पनि पुरानो हस्ताक्षर प्रयोग गरी आयोगमा बुझाइएको उनले दाबी गरे । उनले भने, 'त्यसबेला निर्वाचन आयोगले केही भनेन । अब आयोगले बोल्नुपर्छ ।'

लोसपामा अहिले महन्थ ठाकुर र राजेन्द्र महतो पक्षवीच विवाद छ । विवाद यसरी चर्किंदै गएको छ कि कुनै पनि बेला ठाकुर र महतो अलग अलग हुने स्थितिमा छन् । यी दुई नेतावीचको विवादबाट निराश भएका केही नेताहरू लोसपा छाडेर पुरानो तराई मधेस लोकतान्त्रिक पार्टीलाई सक्रिय बनाएका छन् । लोसपाले अहिलेसम्म ३० सदस्यीय कार्यकारिणी समिति बाहेक कुनै समिति गठन गर्न सकेको छैन । यसैगरी संसदीय दलको नेता पनि चयन गर्न सकेको छैन ।

# जनकपुर-जयनगर रेल चलाउन कानुनी अडचन

जनकपुरधाम । जयनगर-जनकपुर रेल कुर्थासम्म सञ्चालन गर्न औपचारिक उद्घाटनको मिति तय गर्न कानूनी अडचन उत्पन्न भएको छ । सरकारले ल्याएको रेलसम्बन्धी अध्यादेश निष्क्रिय भएपछि रेल गत फागुन १ देखि जयनगर-जनकपुर कुर्थासम्म ड्राई रनमा यात्रु नै नराखी दैनिक एक पटक सञ्चालन भइरहेको छ ।

ड्राई रनको सफलतापश्चात यसै महिनाको दोस्रो साताभित्र प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा भर्चुअल माध्यमबाट उद्घाटन गर्ने तयारी गरिएका थिए । नेपाल रेलवे कम्पनीका महाप्रबन्धक निरन्जन झाका अनुसार रेल सञ्चालन गर्न प्राविधिक हिसाबले सबै कुरा तयार भइसकेको छ, तर रेल सेवासम्बन्धी अध्यादेश निष्क्रिय भएकाले अड्चन पैदा भएको छ ।

कानून अभावमा नेपाल रेल सञ्चालन गरिए कुनै घटना/दुर्घटना भए समस्या आउन सक्ने महाप्रबन्धक झाले बताए । संघीय सदनको बैठकमा ६० दिनभित्र रेल सेवासम्बन्धी अध्यादेश सदनमा पेश गरिसक्नु पर्ने कानुनी प्रावधान रहेको बताए । यस अवधिमा रेल अध्यादेश २०७८ पेस नभएकाले स्वत: निष्क्रिय भएको छ ।

'रेल उद्घाटन गरेर मात्र हुँदैन, सेवा सञ्चालन गर्न कानून चाहिन्छ । कानून (अध्यादेश) निष्क्रिय भएको कारणले तत्काल यात्रुसहित रेल सञ्चालन गर्न सकिँदैन,' महाप्रबन्धक झाले भने, 'पुन: कानूनको व्यवस्था भएपछि उद्घाटनको मिति तय गरिनेछ ।' तत्काल कानूनबिना यात्रु रेल सञ्चालन गर्न जोखिम रहेको र रेलको औपचारिक उद्घाटन गरेर सञ्चालन गर्न कानून नभइ नहुने उनले बताए ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवले गत मंसिर १५ गते रेल तत्काल सञ्चालन नगर्दा रेलको इन्जिनमा समस्या आउने र संरचनामा थप नोक्सानी हुनसक्ने भन्दै रेलसम्बन्धी कानून व्यवस्था गरी रेल सञ्चालन गर्न कारणसहित अध्यादेश पेश गरेकी थिइन् । त्यसवेला संघीय संसदको अधिवेशन नभएको र रेलसम्बन्धी कानून व्यवस्था गर्न आवश्यक भएकाले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७८ गत मंसिरमा जारी भएको थियो ।

कुर्था-जयनगरसम्मको दुरी ३४ किलोमिटर ९ सय मिटर छ । २०७७ असोज २ गते भारतीय रेल कम्पनीबाट ८४ करोड ६५ लाख रूपैयाँमा खरिद गरिएको दुई सेट डेमो रेलमा दुई वटा इन्जिनसहित १० वटा बोगी छन् । दुवै बोगीले १ हजार ३ सय ५० यात्रु बोक्न सक्छन् ।

# 'उज्यालो वीरगञ्ज अभियान' सुरू

वीरगञ्ज । नेपालको आर्थिक नगरी रूपमा स्थापित पर्साको वीरगञ्ज महानगरपालिकाले, गौरवको परियोजना 'उज्यालो वीरगञ्ज अभियान' सञ्चालन गर्दै आएको छ । भारतबाट नेपाल प्रवेश गर्ने प्रवेशद्वारका रूपमा रहेको महानगरपालिकामा सञ्चालन हुँदै आएको उक्त अभियान'ले नगरवासीलाई खुसी बनाएको छ । अभियानअन्तर्गत पालिकाभित्रका सबै सहरी क्षेत्रदेखि गाउँ क्षेत्रका हरेक सडकमा बिजुली बत्ती जडान गर्ने अभियानलाई निरन्तरता दिँदै आएकाले नगरवासीमा खुसियाली छाएको हो ।

ग्रामीण भेगका विभिन्न वडालाई उज्यालो बनाउन राष्ट्रिय योजना आयोगको आर्थिक सहयोगमा बहुवर्षीय परियोजनाका रूपमा उक्त अभियान सञ्चालन हुँदै आएको नगरप्रमुख विजयकुमार सरावगीले जानकारी दिए ।

एकसय ३२ दशमलव एक वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको महानगरपालिकाको ३२ वटै वडाका सबै सडक तथा गल्लीमा एलइडीलाइट र चोक-चोकमा टावरलाइट जडान भएपछि रातिको समय आवतजावतमा सहज हुनाका साथै चोरीलगायत अन्य आपराधिक गतिविधि न्यून भएको वडा नं २१ विन्दवासनी निवासी मनुकुमार यादवले बताए ।

अभियानले नगरवासीलाई बेलुकाको समयमा व्यापार व्यवसाय गर्न सहज भएको व्यवसायीहरूको भनाइ छ । सोह्र वटा वडा नगर क्षेत्र र १६ वटा वडा ग्रामीण क्षेत्र रहेको महानगरपालिकाको सम्पूर्ण क्षेत्रलाई उज्यालो बनाउन राष्ट्रिय योजना आयोगको ५० प्रतिशत समपूरक अनुदान प्राप्त भएको महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत निश्चलराज पाण्डलेले जानकारी दिए ।

महानगरभित्र ४० वटाको तीन हजार ९४३ वटा, ६० वटाको सात हजार २०६ वटा र १०० वटाको दुई हजार २४१ वटा एलइडिलाइट जडान गर्न २३ करोड ९६ लाख २४ हजारमा ठेक्का सम्झौता भएकामा हालसम्म ५० प्रतिशतभन्दा बढी बत्ती जडान भइसकेको अधिकृत पाण्डेले जानकारी दिए ।

# कानुन नजान्दा रोकिएन बालबिवाह

जनकपुरधाम । नेपालको कानूनमा २० वर्ष उमेर नपुगी विवाह गर्न नपाइने व्यवस्था रहे पनि धनुषामा अझै बालविवाह भइरहेको छ । केटा र केटीको उमेर २० वर्ष नपुगी विवाह गर्नु हुन, त्यस्तो विवाह कानूनीरूपमा स्वत:बदर हुन्छ र दण्डितसमेत हुने कुरा अधिकांशलाई थाहा नहुँदा सानै उमेरमा विवाह गराई दिनेक्रम बढेको हो ।

बालविवाह हुनेक्रम बढेपछि धनुषा प्रहरीले बालविवाह रोक्न विशेष अभियान नै चलाएको छ । अभियानअन्तर्गत विगत डेढ महिनाको अवधिमा धनुषामा नौ वटा बालविवाह रोकाएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक जीतेन्द्रकुमार बस्नेतले जानकारी दिए । कोही जानीजानी वा कोही नजानी छोराछोरीको विवाह गराउने प्रवृत्ति ह्वातै बढेपछि बालविवाह रोक्नका लागि अभियान नै चलाइएको प्रहरी नायब उपरीक्षक बस्नेतले बताए । अभिभावलाई बालविवाह कानूनीरूपमा अपराध भएको र बालविवाह गराए कानूनी कारवाही हुनेबारेमा जनचेतनामूलक कार्यक्रमसँगै बालविवाह रोक्ने अभियान चलाउँदै आएको उनको भनाइ छ ।

गत माघ महिनायता जिल्लाभरि नौ वटा बालविवाह रोकाइएको उनले बताए । 'बालविवाह हुँदैछ भन्ने जानकारी पाएपछि हामी त्यहाँ पुग्छौँ', उनले भने, 'बास्तवमै उमेर नपुगेर विवाह भइरहेको पाइएपछि अभिभावक, न्यायिक समिति, नागरिक समाजलगायतका व्यक्तिको समन्वयमा बालविवाह रोकाइरहेका छौं ।' प्रहरीले बालविवाह रोकाउँदा कतिपय अभिभावकले त्यसलाई सहजरूपमै लिने गरिए पनि अधिकांशले निराशा र चिन्ता नै व्यक्त गर्ने गरेका छन् ।

'नेपालको कानूनले २० वर्षभन्दा कम उमेरमा विवाह गर्न बन्देज गरेको भए पनि अझै बालविवाह हुँदै आएको छ', बुद्धिजीवी तथा दलित अगुवा सिजेन्द्र सदाले भने, 'उमेर पुगेपछि छोरीलाई भने जस्तो केटा नपाइने, केटा पाइहाले पनि धेरै दाइजो दिनुपर्ने त्रासका कारण सानै उमेरमा विवाह गर्ने प्रवृत्ति मौलाएको छ ।'

'बालविवाहबाट हुने असर, त्यसले महिलामा पुग्ने कुप्रभावका विषयमा अभिभावक र बालबालिकाबीच सचेतनाका कार्यक्रम सञ्चालन गर्दै आएका छौं', दलित अगुवा सदाले भने, 'बालविवाह न्यूनीकरणका लागि सचेतना अभियान सञ्चालन गरिएपनि यसको अन्त्य भएको छैन् ।'

मुलुकी अपराध संहिता-२०७४ को परिच्छेद ११ को दफा १७३ को १, २ र ३ मा बालविवाह गर्नु/गराउनु हुँदैन, गराएमा त्यस्तो विवाह स्वत:बदर हुने र बालविवाहको कसुर गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रूपैयाँसम्म जरिवाना हुनसक्ने व्यवस्था रहेको अधिवक्ता डोमन साहले जानकारी दिए ।

## महोत्तरी कांग्रेसमा त्रिपक्षीय भिडन्त

महोत्तरी । नेपाली काँग्रेस महोत्तरीको नेतृत्व चयनका लागि शुक्रबार हुन लागेको निर्वाचनमा त्रिपक्षीय भिडन्त हुने भएको छ । जिल्ला सभापतिको लागि तीन जना मैदानमा उत्रिएका छन् । नेता रामचन्द्र पौडेल पक्षधर प्यानलबाट बजरङ्ग नेपाली र सभापति शेरबहादुर देउवा पक्षधर प्यानलबाट नागेश्वर यादव र सुशील यादवले उम्मेदवारी दिएका छन् । पौडेल पक्षकै केहि नेताले देउवा प्यानलका उम्मेदवार नागेश्वर यादवलाई समर्थन गरिरहेको स्थानीय कार्यकर्ताको भनाइ छ । पौडेल समूहका भनेर चिनिने रामचन्द्र तिवारी र किरण यादवले देउवा समूहका उम्मेदवारलाई समर्थन गरेपछि पौडेल प्यानलबाट उम्मेदवारी दिएका बजरङ्ग नेपाली अल्पमतमा पर्ने निश्चित रहेको उनीहरूको दावी छ । तर, आफ्नै प्यानलका उम्मेदवारलाई रामचन्द्र र किरणले किन असहयोग गरिरहेका छन् भन्ने बिषय नेता कार्यकर्ताबीच चर्चामा छ । पौडेल समूहकै छलफलबाट उम्मेदवार बनेका नेपालीलाई अन्तिम समयमा आएर धोका हुन लागेको पौडेल समुहको निष्कर्ष छ ।

## सांसद् प्रदीप यादवमाथिको कारबाही फुकुवा



काठमाडौं । जनता समाजवादी पार्टी नेपाल (जसपा) ले संसाद प्रदीप यादवमाथि गरेको कारबाही फुकुवा गरेको छ । केन्द्रीय कार्यकारी समितिको बैठकले उनीमाथि यसअघि गरेको कारबाही फुकुवा गरेको हो । जसपालेउनीमाथि यसअघि पार्टीको आचारसंहिताविपरीत गतिविधि गरेको भन्दै कारबाही गरेको थियो । देउवा नेतृत्वको सरकारमा पार्टीले पठाएको मन्त्री सूचीमा आफ्नो नाम नपरेको भन्दै उनी पक्षका नेता तथा कार्यकर्ताले पार्टी अध्यक्षको विरोधसहित पुत्ला दहन गरेका थिए । सोही कारण उनलाई पार्टीले केन्द्रीय सदस्यबाट हटाएको थियो । उनीमाथि पार्टीको झण्डा जलाउन संलग्न भएको आरोपसमेत छ । यद्यपि, सांसद यादवले भने आरोप अस्वीकार गरेका छन् ।

## मधेश अपडेट

### सीमा नाकाबाट सहजीकरण गर्न आग्रह

जनकपुरभाम । धनुषाका व्यवसायीहरूलाई नेपाल-भारतको सीमावर्ति क्षेत्रबाट सामान ल्याउन कठिनाई भईरहेको भन्दै धनुषाका सुरक्षा निकाय तथा सरोकारवालासँग गुनासो गरेका छन् । नेपाल-भारत सीमा क्षेत्रबाट सामग्री नेपाल ल्याउँदा प्रहरीदेखि भन्सारसम्म असहयोग हुने गरेकाले व्यापक बाधा अवरोध हुँदा असुरक्षा समेत हुने गरेकाले तत्काल समस्यालाई सहज गरि दिनका लागि व्यवसायीहरूले धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेललाई आग्रह गरेका हुन् । व्यापारी व्यवसायीले नियमपूर्वक कानूनको पालना नगर्दा चोरी पैठारीदेखि तस्करीसम्म बढ्ने गरेकाले गलत प्रवृत्तिलाई निरूत्साहित सहित कारवाही प्रक्रिया अघि बढाइउन आग्रह गरे । प्रमुख जिल्ला अधिकारी पौडेलले व्यापारी व्यवसायीलाई कानूनको पालना गर्दै राजस्व तिरेर सही बाटोबाट सामग्री ल्याउन बताए । बुधबार जनकपुरधाम उद्योग वाणिज्य संघले आयोजना गरेको परिचयात्मक तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै संघका अध्यक्ष जितेन्द्र महासेठले व्यापारी तथा व्यवसायीलाई सिमावर्ती क्षेत्रबाट सामग्री ल्याउन निकै कठिनाई र चुनौती हुने गरेकाले समन्वयात्मक भूमिका निर्वाह गरि दिनका लागि सुरक्षा निकाय तथा भन्सार कार्यालयलगायतका कार्यालय प्रमुखसँग आग्रह गरेका थिए ।

### टीकापुर विमानस्थल छिट्टै सुरू हुने

कैलाली । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले टीकापुर विमानस्थल चाँडै सञ्चालनमा आउने बताएका छन् । कैलालीको टीकापुरस्थित विमानस्थलको शुक्रबार स्थलगत अनुगमन गर्दै मन्त्री आलेले चालु आर्थिक वर्षमा विमानस्थलका लागि रू दुई करोड बजेट विनियोजन गरिएको जानकारी दिए । मन्त्री आलेले टीकापुर विमानस्थल सञ्चालनमा ल्याएरै छाड्ने बताए । 'विमानस्थलको अध्ययन समितिले सर्वे गरेको छ । अध्ययन समितिको प्रतिवेदनका आधारमा पुरानै विमानस्थल सञ्चालनमा ल्याउने वा अन्य क्षेत्रमा नयाँ विमानस्थलका लागि संरचना तयार गर्ने भन्ने कुरा प्रतिवेदन आइसकेपछि थाहा हुन्छ', उनले भने, 'चालु आर्थिक वर्षमै विमानस्थल निर्माणको काम सुरू हुन्छ । त्यसलाई बहुवर्षीय आयोजनाका रूपमा राखेर काम गर्न सकिन्छ ।' उनले पर्यटन क्षेत्रसँग जोडिएकाले पनि टीकापुरमा विमानस्थल अपरिहार्य रहेको बताए । 'पर्यटकीय दृष्टिकोणले पनि टीकापुर लोकप्रिय छ । यहाँ धेरै सम्भावना छन् । ती सम्भावनासँग हवाई माध्यमको पहुँचका लागि हामी प्रतिबद्ध छौँ', मन्त्री आलेले भने । मन्त्री आलेले धनगढी विमानस्थललाई क्षेत्रीय विमानस्थलका रूपमा स्तरोन्नतिका लागि रू एक अर्ब बजेट विनियोजन गरिएको उल्लेख गर्दै प्रत्येक जिल्लामा कम्तीमा एउटा हवाई मैदानको निर्माणका लागि आफूले पहल गरेको बताए । धनगढी विमानस्थल र भारतको नयाँ दिल्ली हुँदै, नेपालको कैलालीबाट खप्तड हुँदै मानसरोवरसम्मको फास्ट ट्र्याक निर्माणका लागि विश्व बैंकसँग समन्वय भइरहेको र त्यसका लागि रू ६५ अर्ब बजेट माग गरिएको उनले जानकारी दिए ।

### नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन

कपिलवस्तु । बुद्धभूमि नगरपालिका वडा नम्बर ९ ईमिलियामा नागरिक आरोग्य सेवा केन्द्र सञ्चालनमा आएको छ । कपिलवस्तु आयुर्वेद स्वास्थ्य केन्द्रको प्राविधिक सहयोगमा नगरपालिकाले सेवा केन्द्र सञ्चालनमा ल्याएको हो । नगर प्रमुख केवश कुमार श्रेष्ठले उद्घाटन गरी केन्द्र संचालन गरिएको हो । सो अवसरमा मेयर श्रेष्ठले नगरपालिकाको नीति अनुसार नै केन्द्र संचालन गरिएको बताए । उनले गत बर्ष नै केन्द्र संचालनमा ल्याउन खोजे पनि प्राबिधिक कारणले नसकेको भन्दै यस वर्षदेखि संचालन भएकोमा खुशी ब्यक्त गरे । उनले अब नगरबासीहरूले आयुर्वेद प्रणालीबाट उपचारको सेवा पाउने उनले बताए । सो अवसमा कपिलवस्तु आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख डा. प्रवेश श्रीवास्तवले सरकारको एक नगरपालिका एक आयुर्वेद केन्द्र संचालन गर्ने नीति अनुरूप नै यो केन्द्र संचालनमा लयाइएको बताए । राजन कुमार पोखेलको संचालनमा भएको कार्यक्रममा एमालेका नगर अध्यक्ष देबीराम बेल्बासे, कांग्रेसका नगर अध्यक्ष माधव दमासे लगातयले शुभकामना मन्तब्य दिएका थिए । सेवा संचालनमा आएपछि स्थानीयहरू आयुर्वेदिक चिकिस्सा मार्फत उपचार गर्न पाउंदा खुसी भएका छन् ।

### गाउँपालिका अध्यक्ष शुक्लाले पाए सफाई

इमरान खान, रूपन्देही । रूपन्देही जिल्ला मर्चवारको सम्मरीमाई गाउँपालिका अध्यक्ष जितेन्द्र नाथ शुक्ला (बब्लु) र सम्मरीमाई गाउँपालिका वडा नम्बर ६ बस्ने असलम खानले जबर्जस्ती करणी उद्योग मुद्दामा सफाइ पाएका छन् । रूपन्देही जिल्ला अदालतले शुक्रबारक सो मुद्दामा सफाइ दिएको शुक्लको भनाइ छ । अदालतको फैसला संगै शुक्लले "न्याय पाइएको" भनिन धन्यवाद दिएका थिए " आज यो मेरो जित नभएर यो आम जनताको जित भएको छ, जालसाजी फटाही गर्नेलाई अदालतले राम्रो जजाफ दिएको छ ।" शुक्लले भने "यसले मलाई जनतामाझ अझै शशक्त भएर काम गर्न थप उत्प्रेरणा एवं उर्जा प्रदान गरेका छन् ।" रूपन्देही जिल्ला अदालतका न्यायधिश मात्रिका प्रसाद मरासेनीको एकल ईजलाशले उनिहरूलाई सफाई दिएको शुक्लाको अधिवक्ता साबिर खाँनले जनाए । साउन २४ गते भएको घटनामा आज शुक्लले सफाई पाएका हुन् । रूपन्देही जिल्ला अदालतका श्रेस्तेदार शोभारखर खरेलले पनि गाउँपालिका अध्यक्ष शुक्ल र अर्का प्रतिवादी असलम खाँनले सफाई पाएको पुष्टि गरेका छन । "वादी दावी नपुग्ने" भनि फैसला भएको खरेलले जनाए साउन २४ गते भएको घटनामा शुक्रबार शुक्लले सफाई पाएका हुन ।

### कांग्रेस सर्लाहीको जिल्ला अधिवेशन अनिश्चित

सर्लाही । दुई पक्षबीच विवाद बढेपछि नेपाली काँग्रेस सर्लाहीको जिल्ला अधिवेशन अनिश्चित बनेको छ । क्षेत्र ४ अन्तर्गत बलरा नगरपालिकाको दुईवटा वडाबीच अधिवेशनलाई लिएर विवाद हुँदा जिल्ला अधिवेशन नै प्रभावित बनेको हो । बलरा नगरपालिका ९ अचलगढ र वडा ८ गडहीयामा हालसम्म वडा अधिवेशन हुन नसकेको काँग्रेस सर्लाहीले जनाएको छ । अचलगढमा मङ्सिर १२ गते वडा अधिवेशन गराउने क्रममा दुई पक्षबीच विवाद भएपछि गोली चलेको थियो । त्यसबेला काँग्रेसको दुई समूहबीच झडपको स्थिति सिर्जना भएपछि वडा अधिवेशनस्थलमा पुगेका प्रदेश सरकारका महिला, बालबालिका, युवा तथा खेलकुदमन्त्री वीरेन्द्रप्रसाद सिंहको अङ्गरक्षकले गोली चलाएका थिए । त्यस्तै, गडहीयामा पनि मङ्सिर १३ गते वडा अधिवेशन गराउन खोज्दा दुई पक्षबीच विवाद भई झडप नै भएको थियो । सो झडपमा परेर मतदान अधिकृत उमेशचन्द्र झासहित चार प्रहरी र केही पार्टी कार्यकर्ता घाइते भएका थिए । तीन महिनाअघि भएको झडपपछि बलराको ती दुई वडामा काँग्रेसले वडा अधिवेशन गराउनै सकेको छैन् । यसअघि यी दुईवटा वडाको अधिवेशन थाती राखेर प्रदेश निर्वाचन क्षेत्र र सङ्घीय निर्वाचन क्षेत्रको अधिवेशन गराइएको थियो । जिल्लामा अझै बलरा नगरपालिकाको दुईवटा वडाको वडा अधिवेशन, २० वटा पालिकाको पालिका अधिवेशन र जिल्ला अधिवेशन हुन बाँकी छ । काँग्रेसको केन्द्रीय निर्वाचन समितिले सर्लाही काँग्रेसको जिल्ला अधिवेशन गराउन खटाएको निर्वाचन अधिकृत नागेश्वर सिंहले बलराको दुईवटा वडाको अधिवेशन गराउन दुवै समूहबीच सहमति जुटाउने प्रयास गरिरहेको बताए ।

### चिनियाँ विस्तारवादविरूद्ध जनकपुरमा जनसभा

जनकपुर । मधेश प्रदेशको राजधानी जनकपुरधाममा मदरसा विधेयक तथा चिनियाँ विस्तारवादको विरोधमा जनसभा सम्पन्न भएको छ । राष्ट्रिय एकता अभियानको आयोजनामा जनकपुरधामस्थित जानकी मन्दिरको प्रांगणमा मधेश प्रदेश सरकारले ल्याउन खोजेको मदरसा विधेयक तथा नेपालमा हुने चिनियाँ विस्तारवादविरूद्ध विरोध जनसभा सम्पन्न भएको हो । जनसभाका प्रमुख अतिथि तथा अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले नेपालमा पछिल्लो चिनियाँ विस्तारवाद बढेको बताए । उनले भने, 'नेपालमा चिनियाँ विस्तारवाद बढेको छ, नेपालको राजनीतिमा पनि चीनले बेला बेला हस्ताक्षेप गरिरहेको हुन्छ, जसले गर्दा हाम्रो देशमा सुरक्षा चुनौती थपिएको छ, सार्भभौम सत्ता खतरामा परिरहेको छ ।' उनले पछिल्लो समय हिन्दु समुदायमाथि मुस्लिम जिहादीह?को ज्यादती बढेको बताए । उनले भने, 'सुनसरी जिल्लामा केही समयअघि एक हिन्दु छोरीमाथि मुस्लिम जिहादीले बलात्कार गरेका थिए, त्यसपछि उहाँको घरमा आगोसमेत लगाइएको थियो। जसले यो पुष्टि हुन्छ कि हिन्दु समुदायमाथि मुस्लिम जिहादीह?को ज्यादती बढेको छ ।' उनले चीनले नेपाललाई विकासको नाममा ऋण दिएर संकटमा पार्न खोजिरहेको आरोप लगाए । उनले भने,'चीनले पोखरा विमानस्थल बनाउन नेपाललाई ऋण दिए अहिले ३ प्रतिशतभन्दा बढी ब्याज उठाइरहेको छ, जसले नेपाल चीनको चक्करमा परेर ऋण बोकिरहेको छ।' त्यस्तै अध्यक्ष यादवले प्रदेश २ का मुख्यमन्त्री मोहमद लालबाबु राउत मियाँले नेपालमा आईएसआईको एजेन्टको रूपमा कार्यरत रहेको आरोपसमेत लगाए । मधेशी, दलित, जनजाति, आदिवासी सम्पूर्णको अधिकारका लागि संघीय गणतन्त्र स्थापना भएको र यसै संविधानमा हिन्दू सनातन संस्कृतिको पहिचान स्वरूप संविधानलाई संघीय हिन्दू गणतन्त्र बनाउने आवश्यकता रहेको समेत उनले बताए । अध्यक्ष यादवले मधेशमा तालिवानी अतिवादीहरूको घुसपैठ अत्यधिक रूपमा भइरहेको र त्यसैको सेरोफेरोमा मुख्यमन्त्री राउतले मदरसा विधयेक लागू गर्न खोजेको आरोप लगाए ।

# बजेट खर्च गर्न मधेश सरकार असफल

जनकपुरधाम । मधेश प्रदेश सरकारले कुनै पनि वर्षमा आफ्नो बजेट खर्च गर्न सकेको छैन ।
मधेस सरकारले साढे तीन वर्षको अवधिमा ५९ अर्ब ५४ करोड ७३ लाख ३० हजार खर्च गरेको छ भने यस अवधिमा प्रदेश सरकारको आन्तरिक आय, राजस्व र नेपाल सरकारबाट गरी कुल ८९ अर्ब १५ करोड ३३ लाख ८१ हजार ८६६ को आय गरेको छ ।
०७५/७६ मा २९ अर्ब ७८ करोड ६९ लाख ३८ हजार, ०७६/७७ मा ३८ अर्ब ७२ करोड ५६ लाख ६१ हजार, ०७७/७८ मा ३३ अर्ब ५६ करोड ९ लाख ८९ हजार र ०७८/७९ मा ३३ अर्ब ७९ करोड १४ लाख ३० हजारको बजेट ल्याएको छ तर कुनै वर्षमा पनि बजेट पूर्ण रूपले खर्च हुन सकेको छैन ।
मधेस सरकारले ०७५/७६ मा १५ अर्ब ९ करोड २३ लाख ७४ हजार, ०७६/७७ मा १८ अर्ब १ करोड ७१ लख ९२ हजार, ०७७/७८ मा २२ अर्ब ७६ करोड ५३ लाख ६३ हजार र ०७८/७९ को ६ महिनामा ३ अर्ब ६७ करोड २४ लाख १ हजार रूपैयाँ मात्र खर्च गर्न सकेको छ ।
मधेस सरकार गठनपश्चात् पहिलो पटक ०७४/७५ को चैतदेखि असारसम्मका लागि संघ सरकारबाट प्राप्त अनुदानलाई बजेटको रूपमा प्रदेशसभामा पेस गरिएको थियो ।
त्यसपछि आर्थिक वर्षमा प्रदेश सरकारले बजेट ल्याए पनि पूर्णरूपले खर्च गर्न सकेका छैनन् ।
२०७५/७६ देखि ०७८/७९ सम्म पुँजीगततर्फ ७० अर्ब ६१ करोड ३१ लख ६३ हजार रूपैयाँ विनियोजन गरेकोमा तीन आर्थिक वर्ष र चालु वर्षको ६ महिनामा ३२ अर्ब ५७ लाख ९० हजार रूपैयाँ मात्र खर्च गर्न सकेको छ ।
चालुतर्फ भने ६४ अर्ब ७९ करोड १८ लाख ५५ हजार रूपैयाँ विनियोजन गरेकोमा २७ अर्ब ५४ करोड १५ लाख ४० हजार रूपैयाँ खर्च गर्न सकेको छ ।
सरकारले आफ्नो स्थापनापछि ०७५/७६ देखि ०७८/७९ को ६ महिनासम्म ८९ अर्बभन्दा बढीको आय गरेको छ ।
प्रदेश स्थापनाको चार वर्षको अवसरमा सार्वजनिक गरेको उपलब्धि पुस्तकअनुसार ०७५/७६ देखि चालु वर्षको ६ महिनासम्म ८९ अर्ब १५ करोड ३३ लाख ८१ हजार ८६६ को आय गरेको छ । सरकारको कुल आयमध्ये सबैभन्दा बढी नेपाल सरकारबाट प्राप्त गरेको अनुदान हो ।
मधेस सरकारले ०७५/७६ देखि २०७८/७९ सम्म नेपाल सरकारबाट अनुदान बापत ५२ अर्ब ४३ करोड ४० लाख ३ हजार ३५१, बाँडफाँडबाट प्राप्त राजस्व २६ अर्ब ५० करोड ९२ लाख ९४ हजार ६३६ र प्रदेश सरकारको आन्तरिक आयबाट १० अर्ब २१ करोड ६३ हजार ८७८ रूपैयाँ प्राप्त भएको छ ।
२०७५/७६ मा २३ अर्ब ३२ करोड ७० लाख ६२ हजार, ०७६/७७ मा २३ अर्ब ६० करोड ६१ लाख ९५१, ०७७/७८ मा २७ अर्ब १ करोड २७ लाख २१ हजार र वर्षको ६ महिनामा मधेस सरकारलाई १५ अर्ब २० करोड ७४ लाख ९७ हजार ९१५ रूपैयाँ आय भएको मधेस सरकारको चार वर्षको उपलब्धि पुस्तकमा उल्लेख छ ।

# जनकपुरमा सहरी स्वास्थ्य केन्द्र विस्तार हुँदै

जनकपुरधाम । नागरिकको स्वास्थ्य उपचारमा सहजता प्रदान गर्ने उद्देश्यले जनकपुरधाम उपमहानगरपालिकाले नगरक्षेत्रका विभिन्न ११ वटा वडामा सहरी स्वास्थ्य केन्द्र विस्तार गर्न लागेको छ ।
नगरवासीको स्वास्थ अवस्थामा सुधार ल्याउने र सबै नागरिकको स्वास्थ्यमा सहज पहुँच पुऱ्याउने नीति तथा योजनाअन्तर्गत उपमहानगरपालिकाले वडा नं ७, १२, १३, १४, १५, १८, १९, २०, २२, २३ र २४ मा सहरी स्वास्थ्य केन्द्र विस्तार गर्न लागेको जनाएको छ ।
विस्तार गर्न लागेको सहरी स्वास्थ्य केन्द्रका लागि भवन निर्माणको काम तीव्र रूपमा भइरहेको उपमहानगरपालिकाका इञ्जिनीयर राकेशकुमार यादवले जानकारी दिए । उनका अनुसार भ्याटसहित कूल रू चार करोड ४७ लाख २९ हजार ७२९ मा निर्माणाधीन ११ वटै वडाको स्वास्थ्य केन्द्र भवन निर्माणको काम करिब ६० प्रतिशत सकिएको र बाँकी काम भइरहेको छ ।
उपमहानगरपालिकाले सहरी स्वास्थ्य केन्द्र भवनको निर्माणका लागि बोलपत्रमार्फत २०७८ साल जेठ ५ गते रामजानकी निर्माण सेवा प्रालिसँग ठेक्का सम्झौता गरेको थियो ।
उपमहानगरपालिकासँग सम्झौता गरे लगत्तैबाट काम सुरू गरेको र कार्य सम्पन्न गर्ने अवधि आगामी २०७९ जेठ महिनाभित्रै भवन निर्माणको काम सम्पन्न गरिने रामजानकी निर्माण सेवा प्रालिले जनाएको छ । नगरको सबै वडामा स्वास्थ्य सेवा पुऱ्याउने नीति अनरूप नगरको २५ वटा वडामध्ये १४ वटामा यसअघि नै आफ्नो भवन र बाँकी ११ वटा वडामा भवन निर्माण गर्न लागेको जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रद्यम्नप्रसाद उपाध्यायले जानकारी दिए ।
जनकपुरधामको मूल प्रवेशद्वार जलेश्वर भिठ्ठामोड, जटही, कदम चोक, धुनुषा पथ, कुर्था, कपलेश्वर मौआहा, सीता चौक, भ्रमपुरालगायत स्थानबाट प्रवेश गर्ने सडकमा निर्माण ठेकेदारसँगको समन्वयमा नौ इन्चको ठूलो चेचिस गाडी सहज प्रवेश गर्न र निस्किन सकिने १६ मिटर चौडाको सडक विस्तार गरेको छ । यस्तै जनकपुरधाम उपमहानगरपालिकाको योजनामध्ये महत्वपूर्ण योजना मानिएको धनुष आकारको शहीद गेट निर्माण कार्यसमेत अन्तिम चरण पुगेको छ ।
मधेश प्रदेशको राजधानी जनकपुरधामको प्रवेशद्वार मुजेलियामा निर्माणाधीन सो मधेश शहीद गेटको करिब ९० प्रतिशत काम सम्पन्न भएको उपमहानगरपालिकाका वरिष्ठ इञ्जिनीयर वीरेन्द्रकुमार यादवले बताउनुभयो । यसरी नगरपालिकाले एकपछि अर्को लोकप्रिय योजना बनाएर कार्यान्वयनमा लग्दै गएपछि पछिल्लो समय जनकपुरधामको बजार क्षेत्रकोस्वरूप समेत फेरिएको छ ।

# महोत्तरीका किसानलाई सुर्ती खेतीबाट फाइदा

महोत्तरी । जिल्लाको मध्यक्षेत्रका किसान अहिले सुर्ती खेतीबाट आफ्नो जीवनस्तर उकास्दैछन् । केही वर्षपहिलेसम्म हातमुख जोर्नै समस्या हुँदै आएका बलवा नगरपालिकाका किसानले सुर्ती खेतीमा लागेपछि आर्थिक अवस्थामा सुधार भएको बताएका हुन् ।
अहिले यस नगरपालिकामा गाभिएका यसअघिका पडौल, बदियाबन्चौरी, बनौटा र धमौरा गाविस क्षेत्र सुर्ती खेतीका लागि उर्वर बन्दैछ । यो चुरोट बनाउने नभएर चुनामा मोलेर खाने सुर्तीको खेती हो ।
एक दशकअघिसम्म परम्परागत अन्न बाली मात्र लगाउँदा अपेक्षित उत्पादन नभएर जीवन धान्न धौधौ परेपछि किसानले वैकल्पिक खेतीका रूपमा सुर्तीलाई रोजेका हुन् । सुर्ती खेती गर्न लागेपछि घरको गुजारा चलाउन सहज हुनाका साथै नगद पनि सञ्चय गर्न थालिएको यहाँका किसानको भनाइ छ ।
कम सिँचाइमा पनि बढी उत्पादन लिन सकिने र भण्डारण एवम् प्याकिङको काम गर्न घरका परिवारले भ्याउने भएपछि सुर्ती खेतीलाई प्रमुख बालीको रूपमा स्थान दिइएको पडौलका राजकिशोर यादवले बताए । रोप्ने र गोड्नेबाहेक अन्य काममा श्रमिक नपाउँदा पनि खेतीमा खासै अप्ठ्यारो नपरेको उनको भनाइ छ ।
'रोप्ने र गोड्ने बेलामा चाँही श्रमिक चाहिन्छ, त्यतिखेर भ्याइनभ्याई पर्छ,' यादव भने, 'यो खेतीमा सुकेका पात छिमल्ने, काट्ने, पात चुँड्ने, सुकाउने, सुकेका पात वर्गीकरण गर्ने र कल्ली बाँध्ने काम परिवारकै सदस्यहरूले गर्न भ्याउन्छन् , त्यसैले त्यो काम उतार्न त्यति सकस पर्दैन ।'यादव, कोइरी, मुसलमान र पासवान जाति र समुदायको बसोबास भएको यी बस्तीमा सुर्ती खेतीबाट मनग्य आम्दानी हुन थालेपछि नानीहरूको शिक्षादीक्षामा पनि अभिभावकले ध्यान दिन थालेका छन् ।
यसअघि शिक्षादीक्षाको कुरामा निकै पछि परेका मुसलमान र पासवानका परिवारले पनि अब छोराछोरी पढाउन थालेका धमौरा बस्तीका हासिम कवारीले बताए । अहिले यी बस्तीका विद्यालयमा मुसलमान, पासवान जाति र समुदायका नानीहरू उल्लेख्य सङ्ख्यामा पढ्न थालेका धमौरा बस्तीकै एक विद्यालयका पूर्वप्रधानाध्यापक सुशीलकुमार यादवको भनाइ छ ।
धमौरामा करिब ५० बिघाको हाराहारीको जग्गामा सुर्ती खेती हुने गरेको छ । त्यसैगरी नगरक्षेत्रका पडौल, तीलगढ, बदियाबन्चौरी, अधियानपुर, रौजा, बनौटा, भगवतीपुर र सरञ्चियासहित बस्तीमा बिघौबिघामा सुर्ती खेती लगाइएको देखिन्छ ।
प्रतिकट्ठा १२५ किलोसम्म उत्पादन हुने सुर्तीबाट राम्रो भाउ पाउँदा एक कट्ठाबाटै रू २५ हजारसम्म आम्दानी भएको धमौराकै वासुदेव पासवानले बताए । भाउ केही खस्कँदासमेत रू २० हजारभन्दा नघटेको सम्बद्ध किसानको भनाइ छ । बलवा नगर क्षेत्रमा करिब १५० बिघाको हाराहारीमा सुर्ती खेती भइरहेको अधियानपुरका अमानुल्ला शेषको भनाइ छ ।
खेती गर्नेको सङ्ख्या र क्षेत्रफलसमेत बढ्दै गएपछि भारतीय व्यापारी घरमै आएर सुर्ती किन्न थालेका छन् । यसले बजार खोज्ने झञ्झट नभएको ती किसान बताउँछन् ।




नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुल महाशाखा

## जानकारीमूलक सूचना

१. पुलहरूमा जथाभावी दिसा-पिसाब र फोहोर नफालौं । यसले पुलको आयु घटाउँछ ।

२. पुलको तलमाथि खोलाबाट बालुवा, ठिट्टी, ढुंगा, माटो आदि झिक्दा पुल भत्किन सक्छ । पुलको ५०० मिटर तलमाथि माटो, बालुवा पानी नझिकौं ।

३. पुलमाथि सकभर सीमित गतिमा सवारी चलाउने बानी बसालौं ।

४. मानव शरीरमा रहेको रक्त स्नायु तन्त्रस्तै पुल सडकको अभिन्न अंग हो । एक ठाउँमा रक्तनली काटिन जाँदा पक्षघात भएजस्तै पुल भत्किन जाँदा सडक उपयोगहीन हुन्छ र मानव जीवन अस्तव्यस्त हुनसक्छ ।

## संक्षिप्त समाचार

### कांग्रेस कैलालीमा नारायण भट्ट विजयी

कैलाली । नेपाली काँग्रेस कैलालीको सभापतिमा प्रकाश बमलाई पराजित गर्दै नारायणदत्त भट्ट विजयी भएका छन् । पहिलो चरणमा बम भन्दा ९७ मतले पछि परेका भट्टले दोश्रो चरणमा बमलाई २ सय ६३ मतले पराजित गर्दै सभापतिमा विजयी भएका हुन् । सभापतिमा विजयी भएका भट्टले एक हजार ३५९ मत पाएका छन् भने उनका प्रतिष्पर्धी प्रकाश बमले १ हजार ९६ मत पाएका हुन् । पहिलो चरणमा कुनै पनि उम्मेदवारले बहुमत ल्याउन नसकेपछि बिहीबार धनगढीस्थित कैलाली उद्योग वाणिज्य संघको सभाहलमा दोश्रो चरणको निर्वाचन भएको थियो । पहिलो चरणबाट बाहिरिएको कोइराला समुहले वमलाई समर्थन गर्ने घोषणा गरेको थियो । काँग्रेस कैलालीमा २ हजार ५ सय ७५ मतदाता रहेकोमा दोस्रो चरणको मतदानमा २ हजार ४ सय ६७ मतदाता सहभागि भएका थिए ।

### पीडित भारतीयको गुनासो सम्बोधन

वीरगन्ज । वीरगन्जस्थित भारतीय महावाणिज्य दूतावासले तेस्रो 'ओपन हाउस फर कन्सुलर गुनासो' आयोजना गरेको छ । 'आजादी का अमृत महोत्सव' मनाउने क्रममा ओपन हाउसको अध्यक्षता कन्सुल जनरल नितेश कुमारले कार्यक्रमको शुभारम्भ गरेका थिए । कार्यक्रमको उद्देश्य नेपालमा बसोबास गर्दै आएका पीडित भारतीय नागरिकको नियमित गैरकानसुलर गुनासो सम्बोधन गर्नु रहेको छ । कार्यक्रममा हुलास स्टिल इण्डष्ट्रिज लिमिटेडका प्रमुख कार्यकारी अधिकृत, महाप्रबन्धक तथा उपमहाप्रबन्धक लगायत पर्सा र बारा जिल्लामा कार्यरत करिब २० जना भारतीयहरूको सहभागिता थियो भने त्यस क्रममा उनीहरूको गुनासा सम्बोधन गरिएको थियो ।

### खैरो हेरोइनसहित ३ जना पक्राउ

कैलाली । टीकापुर नगरपालिका-१ समितिपुर बस्ने २३ वर्षीय संजय चौधरी समेत ३ जनालाई करिब २ सय ८० मिलिग्राम अवैध लागूऔषध खैरो हिरोईन सहित प्रहरीले पक्राउ गरेको छ । संजयको घरमा लागूऔषधको कारोबार भइरहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय टीकापुरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### चितुवाको छालासहित ३ जना पक्राउ

बाँके । बैजनाथ गाउँपालिका-५ गायत्री टोल बस्ने २८ वर्षीय याम बहादुर बिश्वकर्मा समेत ३ जनालाई दुर्लभ वन्यजन्तु चितुवाको १ थान छाला सहित प्रहरीले पक्राउ गरेको छ । आइतबार दिउँसो उक्त स्थानमा चितुवाको छाला ल्याइरहेको भन्ने बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले पैदल हिँडिरहेका उनीहरूलाई उक्त छाला सहित फेला पारी पक्राउ गरेको हो ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

रूपन्देही । तिलोत्तमा नगरपालिका-१३ स्थित भित्री सडकमा लु.४५ प ९९६४ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । मोटरसाइकल आफै अनियन्त्रित भई आइतबार राति दुर्घटना हुँदा मोटरसाइकल चालक सोही नगरपालिका-१४ टिकुलिगड बस्ने ४६ वर्षीय ऋषिराम पौडेलको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको क्रिमसन अस्पताल मणिग्राममा उपचारको क्रममा मृत्यु भएको हो ।

### आगलागीबाट तीन जनाको घर जले

मोरङ । रंगेली नगरपालिका-२ कमल झोडा बस्ने राज कुमार भुजेलको भान्सा घरमा आगलागी हुँदा तीन जनाको घर जलेका छन् । आइतबार साँझ आगलागी भई बस्तीमा समेत फैलिएर ३ जनाको घर तथा भान्साघर जलेर करिब ९ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । प्रहरी, स्थानीयबासी तथा दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### भरूवा बन्दुक र छर्रा बरामद

कपिलवस्तु । वाणगंगा नगरपालिका-७ बनगाईस्थित कजवेय किनाराबाट एक नाले भरूवा बन्दुक र बन्दुकमा लाग्ने ७० वटा छर्रा प्रहरीले बरामद गरेको छ । ईलाका प्रहरी कार्यालय पिपराबाट खटिएको प्रहरीले शनिबार राति उक्त स्थानमा वेवारिसे अवस्थामा रहेको उक्त बन्दुक र छर्रा बरामद गरी यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### बसले स्कारपियोलाई ठक्कर दिंदा दुईको मृत्यु

रौतहट । चन्द्रपुर नगरपालिका-४ स्थित सडकमा बा.१६ च ३८१२ नम्बरको स्कारपियोलाई ना.५ ख २३६९ नम्बरको बसले ठक्कर दिँदा दुई जनाको मृत्यु भएको छ । शनिबार दिउँसो बसले ठक्कर दिँदा भएको दुर्घटनामा परी स्कारपियो चालक स्याङजा घर भई राजापुर बर्दिया बस्ने राजकुमार थापासमेत २ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । गम्भीर घाइते भएका १ जनाको चपुर प्रालि अस्पतालमा र राजकुमारको चपुर प्रालि अस्पताल हुँदै नेशनल मेडिकल वीरगंजमा थप उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका बसमा सवार ३ जनाको एपोलो सिटी अस्पतालमा उपचार भइरहेको छ भने बारा फेटहा गाउँपालिका-४ बतरा बस्ने ३० वर्षीय सुनिल मुखियालाई थप उपचारको लागि न्यूरो अस्पताल वीरगंज पठाइएको छ ।

### ट्रकको ठक्करबाट एकको मृत्यु

कपिलवस्तु । वाणगंगा नगरपालिका-१ बुङची चोकस्थित सडकमा बा.३ ख ९८३० नम्बरको ट्रकले लु.३२ प ४८३२ नम्बरको मोटरसाइकललाई दिँदा एक युवकको ज्यान गएको छ । शनिबार साँझ ट्रकले ठक्कर दिँदा मोटरसाइकलमा सवार बुद्धभूमि नगरपालिका-१ बस्ने २८ वर्षीय माधव अधिकारीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको सामुदायिक अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक मृतकका बुबा ४८ वर्षीय धर्मराज अधिकारीको सामुदायिक अस्पतालमा उपचार भइरहेको छ ।

### विभिन्न हातहतियारसहित तीन जना पक्राउ

बाँके । डुडुवा गाउँपालिका-४ राप्ती पुल नजिकबाट मेड इन यूएसए लेखेको १ थान अटोमेटिक पेस्तोल, सोको १ थान म्याग्जिन, ९ राउण्ड गोली, १ थान खुडा र २ थान नोक सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । मंगलबार बेलुकी पक्राउ पर्नेहरूमा नेपालगञ्ज उपमहानगरपालिका-१८ कारकाँदो बस्ने २९ वर्षीय सुसान्त केसी, सोही उपमहानगरपालिका-१२ कोरियनपुर बस्ने २८ वर्षीय दिपेन्द्र अधिकारी र कैलाली लम्किचुहा नगरपालिका-३ बस्ने ३२ वर्षीय द्वारिका उपाध्याय रहेका छन् । उक्त स्थानमा गोली पड्किएजस्तो आवाज आएपछि ईलाका प्रहरी कार्यालय बनकट्टीबाट खटिएको प्रहरीले नेपालगंजबाट राप्ती नदीतर्फ जाँदै गरेको सुसान्तले चलाएको बाग्मती प्रदेश ०१-०२५ च ३०९७ नम्बरको गाडीलाई जाँच गर्दा गाडीको सिट पछाडि झोलामा लुकाई राखिएको अवस्थामा उक्त हातहतियार फेला पारी गाडीमा सवार उनीहरूलाई पक्राउ गरेको हो ।

### जुवातास खेल्ने पक्राउ

मोरङ । उर्लाबारी नगरपालिका-७ बस्ने ५६ वर्षीय कृष्ण बहादुर प्रधानको घरमा तास खेलिरहेको अवस्थामा प्रधान समेत ७ जनालाई बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ । उनको घरमा तास खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय उर्लाबारी र जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २ लाख ४२ हजार १ सय ८५ रूपैयाँ र ८ बुक तास सहित पक्राउ गरेको हो ।

### करेन्ट लागेर युवकको मृत्यु

पर्सा । सखुवाप्रसौनी गाउँपालिका-१ सिरही बस्ने २६ वर्षीय रामेश्वर महतोको करेन्ट लागेर बुधबार बिहान मृत्यु भएको छ । आफ्नो बन्दै गरेको नयाँ घरको छतमा गएको अवस्थामा नजिकै रहेको बिजुलीको पोलको तारबाट करेन्ट लागेर अशक्त भएका उनको उपचारको लागि गण्डक अस्पताल वीरगंज लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

# एमसीसी पास गर्न एमालेलाई छकाइयो

अमेरिकी सहयोग निकाय मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)सँगको अनुदानसम्बन्धी सम्झौता प्रतिनिधिसभाको २०७८ फागुन १५ गतेको बैठकबाट अनुमोदन भएको छ। यस घोषणासँगै निहीत स्वार्थसहित चालिएका चाल र चलाइएको प्रचारवाजीको पटाक्षेप भएको छ। यसक्रममा फिँजाइएका भ्रम तथा विभिन्न रंग र आकारका पुलिन्दा निर्माण गरी बिक्री गर्न खोजिएका घिनलाग्दा स्वार्थहरूले द्विपक्षीय वा बहुपक्षीय प्रत्यक्ष लगानी, ऋण वा अनुदान सहायता प्राप्त हुने प्रक्रिया, प्रस्तावको तयारी र त्यसमा प्रयोग हुने भाषा तथा कार्यान्वयन प्रतिबद्धताजस्ता कैयौं विषयमा सत्ता-गठबन्धनका केही नेताहरूमा रहेको अज्ञानता वा गैरजिम्मेवारपन प्रकट भएको छ। राष्ट्रिय हितको वास्ता नगरी आफ्नै क्षुद्र र निजी स्वार्थ पूरा गर्न खोज्ने उनीहरूका बोली र व्यवहारमा रहेको अवसरवादी छेपारेपनले सत्ता सञ्चालक पार्टी र तिनका नेताहरूको अविश्वसनीयता समेत उदाङ्गो भएको छ।

फागुन १५ गतेको प्रतिनिधिसभा बैठकका दुवै सत्रमा हाम्रो पार्टीलाई प्रक्रियामा सहभागी हुनबाट बञ्चित गरियो। यसले देशको प्रमुख प्रतिपक्षलाई यस प्रक्रियाबाट बाहिर राख्ने सत्ताधारी गठबन्धनको षड्यन्त्रपूर्ण व्यवहार पनि स्पष्ट भएको छ। संसद्को सबैभन्दा ठूलो दल- नेकपा (एमाले)लाई वेलमा राखेर अवरोधका बीच यस्तो संवेदनशील निर्णय गरिएको छ। केही अघि हाम्रो नेतृत्वमा सरकार रहेको बेलामा नयाँ नक्सालाई संविधानको अनुसूचीमा समेट्न संविधान संशोधन गर्ने जस्तो संवेदनशील विषयमा संसद्लाई एक बनाई राष्ट्रिय एकता प्रदर्शन गरिएको घटनालाई हामी स्मरण गरिरहेका छौं। यस सन्दर्भमा राष्ट्रिय महत्वको मुद्दामा सबै दलहरूलाई एक ठाउँमा उभ्याउने दायित्वबाट स्वयम् प्रधानमन्त्री समेत विमुख हुन पुग्नु दुःखद् कुरा हो। 'प्रमुख प्रतिपक्षी दललाई छक्याएर गठबन्धन टिकायौँ' भन्नेजस्ता सत्ताधारीहरूको प्रलापले लोकतान्त्रिक अभ्यासको उपेक्षा मात्र होइन, समाजमा कलह सिर्जना गर्ने र हाम्रो दललगायतका दलहरूलाई विभाजन गर्ने ठगी धन्दाको पर्दाफास भएको छ।

संसद्मा माननीय सदस्यहरूको अवरोधलाई अनदेखा गर्दै बलमिच्याइँ गर्ने सभामुखको व्यवहार झनै आपत्तिजनक छ। सरकारले दिएको विजनेस सदनमा प्रस्तुत नगर्नेजस्ता पदीय दायित्व प्रतिकुल व्यवहार गर्दै आउनुभएका सभामुखले कुनै समय एमसीसीसम्बन्धी प्रस्ताव टेबल गर्नुपरेमा आत्महत्या गर्छु भन्नेजस्ता आवेगपूर्ण अभिव्यक्ति दिनुभयो। षड्यन्त्रको पटकथा तयार भएपछि भने 'सभामुख भनेको अम्पायर हो' भन्नेजस्ता शब्दावली प्रयोगमा ओर्लिनु भयो। यसले उहाँको यो व्यवहार पदीय कर्तव्यको पालनाभन्दा पनि दल विशेषको आज्ञापालन गर्ने देखिन्छ। उहाँ नै दलहरूले कारबाही गरेका अनुशासनहीन सांसदलाई जोगाएर दल विभाजनको मतियार बन्नुभयो। अहिले राष्ट्रिय राजनीति लिकबाट बाहिरिएको छ। संसदभित्र वा बाहिरको हाम्रो जारी लडाइँ लोकतन्त्रको आधारभूत मूल्य, मान्यता र दलीय प्रणालीको मर्मलाई स्थापित गर्न र त्यसलाई अझ सुदृढ गर्नका लागि हो। संसद् जननिर्वाचित प्रतिनिधिमार्फत् लोकतन्त्रको अभ्यास गरिने थलो हो। चार वर्षअघिको जनादेश अहिले खण्डित भएको छ। त्यसैले संसद् प्रभावकारी हुन सकिरहेको छैन। त्यसमाथि सभामुखको भूमिकाले थप गतिरोध सिर्जना भएको छ। यी सबै घटनाक्रमले सभामुख यस गरिमामय पदका लागि योग्य हुनुहुन्न भन्ने थप पुष्टि भएको छ।

गठबन्धनका केही दलहरूले एमसीसी सम्झौता राष्ट्रघाती भन्दै कार्यकर्ता भड्काउने र जनतामा अन्यौल सिर्जना गर्ने कार्य गर्दै आए, विषाक्त प्रचारबाजी गरे। द्विपक्षीय विषयलाई भूराजनीतिक विषयजस्तो बनाइयो। चौबीस घन्टाअघि उनीहरूले सत्ता छोड्ने तर सहमति नगर्ने पनि भन्न भ्याए। २४ घण्टापछि उनीहरूमा 'दिव्यज्ञान' पलायो र शुरू भयो अर्को स्पष्टिकरणको सिलसिला- पद जोगिनु क्रान्ति, पद जानु प्रतिक्रान्ति गठबन्धन ढले आफू ढल्ने, आफ्ना हितैषीहरूको पनि पद जाने भएकोले समर्थन गर्नुको विकल्प नरहेको वयानबाजी गरे। खासगरी नेकपा (एमाले)का विरुद्ध हतियारका रूपमा प्रयोग गरिएको यस सम्झौताका सन्दर्भमा अढाई वर्षको अवधिमा के-के मात्रै भनिएन र गरिएन ? पहिलो- केपी ओली प्रधानमन्त्री पदबाट फ्याँकिएपछि अनुमोदन गर्ने। दोस्रो- ४-५ महिना समय पाऊँ, पारित गर्छौं। तेस्रो- चुनावपछि पारित गरौंला। चौथो- यथास्थितिमा पारित गर्दैनौं। पाँचौं- बहिस्कार गरेर पारित गर्न सहयोग गर्छौं। छैटौं- लाज छोप्ने पातलो र पारदर्शी पर्दा पाऊँ, अनि पारित गर्छौं, आदि। यी सबै रङ्गीविरङ्गी हरकतको सार एउटै थियो- नेकपा (एमाले)लाई कमजोर पार्ने र सत्ता टिकाउने। एकातिर आफ्नो स्वार्थअनुकूल सत्ताको लेनदेन गर्ने, अर्कातिर आफ्ना नेता-कार्यकर्तालाई राष्ट्रवादको नाममा सडकमा उतार्ने, सार्वजनिक सम्पत्तिमा तोडफोड गर्न लगाउने र कार्यकर्ता तथा राज्यका सुरक्षा निकायबीच भिडन्त गराउने दुष्कर्म गराए। यस्तो लबस्तरोपनले उनीहरूको वास्तविक अनुहार उदाङ्गो भएको छ र भ्रमको पर्दा च्यातिएको छ।



केपी शर्मा ओली

प्रतिनिधिसभाको बैठकमा प्रस्तुत 'व्याख्यात्मक घोषणा' शाकाहारीले 'किताबको माछा पो खान हुन्न, खोलाको त भइहाल्छ नि' भनेजस्तै हो। गठबन्धनका नेताहरू त्यस घोषणालाई लालीपाउडर घसीघसी अझै भ्रमको खेती गर्नमा सक्रिय छन्। दुई सरकारबीच भएको सम्झौता, सहमतिको झन्डै आधा दशकपछि एकतर्फी व्याख्याद्वारा संशोधन हुन्छ भन्नु जनतालाई ढाँट्ने दुष्प्रयास हो र यो हास्यास्पद कुरा हो। यो तथ्य प्रतिनिधिसभाको बैठकमा सत्तापक्षीय केही माननीयहरूद्वारा समेत अभिव्यक्त भएको छ। यस सम्बन्धमा एमसीसी आफैंले वक्तव्य दिएर यस्ता कथित घोषणाले सम्झौतामा कुनै फरक नपार्ने कुरा स्पष्ट पारिसकेको छ। तर, अझै पनि केही नेताहरू 'व्याख्यात्मक घोषणा' हिजो आफूले गलत थियो भनिएको एमसीसीलाई दुरूस्त पार्ने भ्याक्सिनका रूपमा प्रचार गर्न खोज्दै छन्। यो जनतालाई दिग्भ्रमित पार्ने अर्को चालबाजी हो। हामी केही नेताहरूका 'लत्रिएका जुँगा'लाई 'ठाडो पार्ने हतियार'का रूपमा संसदीय अभ्यासलाई विकृत पार्दै दुरूपयोग गरिएकोमा दुःखित छौं।

एउटा तथ्यमा हामी सबै स्पष्ट हुनुपर्छ, एमसीसीसम्बन्धी मुद्दा तत्कालीन नेकपाका अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीलाई पदच्यूत गर्ने लक्ष्यसहित विकृत रूपमा शुरू गरिएको योजनाबद्ध दुष्प्रचार थियो। गलत मनशायमा आधारित त्यस 'अभियान'ले झण्डै तीन वर्षदेखि नेपाली जनमानसलाई अनावश्यक ढङ्गले गिजोल्यो, विभाजित ग-यो। विवाद यसरी उछालियो कि त्यसले नेपाल राष्ट्रको सामर्थ्यलाई उपेक्षा ग-यो र नेपाली स्वाभिमानको समेत तेजोबध ग-यो। मुलुकलाई माया गर्ने र विकास तथा समृद्धिको सपना बोकेका नेताप्रति द्वेषपूर्ण अभिव्यक्तिको लागि सिङ्गो समाजलाई उकास्यो। कुत्सित स्वार्थपूर्तिको लागि चलाइएको अफवाह र हल्लैहल्लामा सिर्जना गरिएको कृत्रिम विवादमार्फत् नेपाली-नेपालकाबीच एकापसमा अविश्वासको अकल्पनीय खाडल खडा ग-यो।

एमसीसी सम्झौता अहिलेका सत्तागठबन्धनमा रहेका दलहरूले गरे। यसलाई विवादास्पद पनि तिनै गठबन्धनका नेताहरूले बनाए। सम्झौता आफूले गरे, जनताले जवाफ माग्दा उत्तर दिनुको साटो प्रश्न एमसीसीतिर तेर्स्याए। सन्धिङ्ग -सम्झौताका सन्दर्भमा राज्यले गर्नुपर्ने पत्राचारजस्तो विषयमा दलका नेताले हात हालेर कूटनीतिक मर्यादाको घोर उल्लंघन गरे। हाम्रो पार्टी विभाजनको लागि समेत हतियारको रूपमा यसैलाई प्रयोग गरे। हाम्रो पार्टी यसखाले दुःषित अभियानमा संलग्नहरूप्रति खेद प्रकट गर्दछ।

नेपाललाई चाहिने कुनै पनि विकास अभियान सञ्चालन गर्न हामी नेपाली सक्षम र स्वतन्त्र छौं। नेपालको संविधान जारी भएसँगै नेपाल विकास र समृद्धिको नयाँ चरणमा प्रवेश गरेको छ। 'समृद्ध नेपाल, सुखी नेपाली'को हाम्रो राष्ट्रिय आकाङ्क्षा पूरा गर्न हामीलाई द्विपक्षीय होस् वा बहुपक्षीय व्यापक मात्रामा वैदेशिक सहायताको आवश्यकता छ। हामीले भनेका छौं- हामी हाम्रो राष्ट्रिय हित र स्वाभिमान विपरीत कुनै पनि अनुचित शर्तसहित आउने लगानी होस् वा सहायता केही पनि स्वीकार्दैनौं। हामी हाम्रो आवश्यकता र प्राथमिकता एवम् उचित आधारमा आउने बाह्य ऋण, लगानी वा सहायता स्वीकार्छौं। हामी त्यस्तो सहायता परिचालन गरी विकासको प्रतिफल आफ्ना देशवासीलाई उपलब्ध गराउने सामर्थ्य राख्छौं। सार्वभौम समानताको आधारमा कुनै पनि मित्रराष्ट्र र हितैषी दातृसंस्थासँग सहायता परियोजना लिने वा नलिने निर्णय गर्न पनि स्वतन्त्र तथा सक्षम छौं। कुनै पनि दाताबाट प्राप्त विकास सहायता परिचालन गर्दा छिमेकी मित्रराष्ट्रहरूको संवेदनशीलताप्रति हामी सजग रहन्छौं। हामी सबै मित्रराष्ट्रको सहयोगलाई उत्तिकै महत्व दिन्छौं। सहयोगी कुनै पनि राष्ट्रहरूका चासो तथा संवेदनशीलताप्रति सजग रहन्छौं।

सरकार भनेको राज्यका तर्फबाट अधिकारप्राप्त अविच्छिन्न उत्तराधिकारवाला संस्था हो। एउटा सरकारले दातृराष्ट्र या निकायसँग गरेको सहमति वा सम्झौता अर्को सरकारले उपयुक्त कारण र प्रक्रियाविनै रद्द गर्ने हो भने त्यस्ता राष्ट्रप्रति विश्वासको सङ्कट उत्पन्न हुन्छ। तसर्थ, राज्यका निकायहरूले विमर्श गरी, हाम्रो राष्ट्रिय आवश्यकता पूरा गर्न अनुरोध गरिएका, सम्झौता गरिएका परियोजनाहरूलाई जुन सरकारको नेतृत्वमा शुरू भएको भए पनि उत्तराधिकारी सरकारले निरन्तरता दिनुपर्ने सामान्य विधिप्रति हामी स्पष्ट छौं भन्ने कुरा व्यवहारले नै प्रमाणित गरिसकेको कुरा हो। यसले हाम्रो पार्टी अरूभन्दा फरक र जिम्मेवार पार्टी हो भन्ने कुरा थप पुष्टि भएको छ।

कुनै पनि बाह्य सहायता लिनुपूर्व वा लिने सम्झौता गर्नुपूर्व सबै पक्षहरूमा यथेष्ट ध्यान दिनु आवश्यक छ। सम्झौता गरिसकेपछि कार्यान्वयनतर्फ लाग्नुपर्दछ। यस सम्बन्धमा केही प्रश्न उठेमा स्पष्ट पार्ने दायित्व पनि सरकारकै हुन्छ। अहिले सत्ता गठबन्धनका केही नेताहरूबाट अपारदर्शी ढङ्गले जे-जस्तो सहमति पनि गर्न तयार हुने तर जननिर्वाचित प्रतिनिधिहरूको नजरबाट लुकाउन खोज्नेजस्ता द्वैध चरित्र प्रदर्शन भएको छ। 'सरकारले गरेको सम्झौता सुटुक्क लागू गर्न छोडेर संसद्मा किन पेश गरियो' भन्नेजस्ता छली प्रवृत्तिसँग नेकपा (एमाले) सहमत हुन सक्दैन। त्यसै कारण यो संसद्मा अनुमोदनका लागि प्रस्तुत गरिएको थियो। एमसीसी परियोजनासम्बन्धी सम्झौता संसद्बाट अनुमोदन भइसकेको छ। अब राष्ट्रको हित प्रतिकूलन हुने गरी यसको कार्यान्वयन हुनुपर्दछ। पारित भइसकेको परियोजनाका बारेमा राष्ट्रको जनमतलाई थप विभाजित गर्नु हानिकारक हुन्छ।

मुलुकको विकासका लागि दूरदृष्टिसहितको बलियो राष्ट्रिय सङ्कल्प चाहिन्छ। त्यो सङ्कल्प पूरा गर्न राष्ट्रिय दृष्टिकोण र अडान भएको बलियो राष्ट्रिय पार्टी चाहिन्छ। दरिलो राष्ट्रिय एकता कायम गरी विकास अभियान सञ्चालन गर्न कुण्ठा एवम् स्वार्थप्रेरित अतिरञ्जनापूर्ण प्रचारबाजीबाट मुक्त हुनु आवश्यक छ। एमसीसी प्रकरणमा गठबन्धनमा रहेका केही पार्टीका गलत चालवाजी र उनीहरूबाट प्रकट भएका घातक प्रवृत्तिबाट मुलुकलाई मुक्त पार्न आवश्यक छ। ती दलहरूसँग आस्थाका कारण भावना जोडिएका निर्दोष कार्यकर्ताहरू अझै हुनुहुन्छ। सङ्कीर्ण राजनीतिक स्वार्थका लागि भ्रमको पर्दा खडा गरेर आफ्ना कार्यकर्तालाई बारम्बार दुरूपयोग गर्ने नेतृत्वबाट सचेत रहँदै बलियो राष्ट्रिय शक्ति निर्माणमा योगदान गर्नका लागि हाम्रो पार्टी त्यस्ता कार्यकर्ता तथा सदस्यहरूलाई आह्वान गर्दछ।

*(एमाले अध्यक्ष केपी शर्मा ओलीद्वारा फागुन १७ गते गरेको पत्रकार सम्मेलनमा वितरित प्रेस नोट)*

## एमसीसी सम्झौतामाथि सत्तारूढ गठबन्धनले तयार पारेको व्याख्यात्मक टिप्पणी

१. कम्प्याक्टको पक्ष भएका कारण नेपाल अमेरिकाको इण्डो प्यासिफिक स्ट्राटेजीलगायत कुनै पनि सामरिक सैन्य वा सुरक्षा गठबन्धनमा आवद्ध भएको मानिने छैन भनी घोषणा गर्दछ।

२. देशको मूल कानुनको रूपमा रहेको नेपालको संविधान कम्प्याक्ट र कम्प्याक्टसँग सम्बन्धित अन्य सम्झौताहरूभन्दा माथि रहेको भनी घोषणा गर्दछ।

३. कम्प्याक्टको दफा २.७, दफा ५.१ (ख) ३, दफा ५.१ ख ४ को कम्प्याक्टका ती दफाहरूको उद्देश्य एमसीसी अनुदान तथा परियोजनाको सम्पत्ति उपयोगका सन्दर्भमा मात्र लागु हुन्छ भन्ने बुझाइ नेपालको रहेको छ र ती प्रावधानले एमसीसीको अनुदानको प्रयोगबाहेक अन्य कुनै पनि उद्देश्यका लागि हाल विद्यमान वा भविष्यमा निर्माण हुने अमेरिकी कानुन वा नीतिहरूको पालना गर्न नेपाल बाध्य छैन भन्ने घोषणा गर्दछ।

४. कम्प्याक्टको दफा ३.२ (ख) का सम्बन्धमा मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसीए नेपाल)ले सञ्चालन गर्ने क्रियाकलाप नेपालको कानुनद्वारा निर्देशित र कम्प्याक्ट अनुसार नियमित हुनेछ भनी घोषणा गर्दछ।

५. कम्प्याक्टको दफा ३.२ (च) को सम्बन्धमा कम्प्याक्टको उपयोगबाट श्रृजना हुने बौद्धिक सम्पत्तिमाथि एमसीसीको स्वामित्व रहने छैन। कम्प्याक्ट कार्यक्रम अन्तर्गत सिर्जना हुने सम्पूर्ण बौद्धिक सम्पत्ति उपर नेपालको स्वामित्व रहनेछ र त्यसको पूर्ण उपयोग नेपालले गर्न पाउने छ भनी घोषणा गर्दछ।

६. कम्प्याक्टको दफा ३.५ को सम्बन्धमा कार्यान्वयन पत्रहरू कम्प्याक्टको दायराभित्र लागु गरिने छ भनी घोषणा गर्दछ।

७. कम्प्याक्टको दफा ३.८ (क) को सम्बन्धमा एमसीए नेपालका सबै क्रियाकलाप तथा कोषको लेखा परीक्षण प्रचलित नेपाल कानुनबमोजिम महालेखा परीक्षकबाट हुनेछ भनी घोषणा गर्दछ।

८. कम्प्याक्टको दफा ५.१(क) को सम्बन्धमा नेपालले ३० दिनको लिखित पूर्वसूचना दिई बिना कुनै कारण कम्प्याक्ट अन्त्य गर्न पाउने अधिकारका अतिरिक्त कम्प्याक्ट अन्तर्गतका क्रियाकलाप वा कार्यक्रम सञ्चालन गर्दा नेपालको कानुन वा नीतिको उल्लङ्घन गरेकोमा समेत ३० दिनको पूर्वसूचना दिई कम्प्याक्ट अन्त्य गर्न पाउने अधिकार राख्दछ भनी घोषणा गर्दछ।

९. कम्प्याक्टको दफा ५.५ को सम्बन्धमा कम्प्याक्टको समाप्ति, निलम्बन वा अन्त्यपश्चात् पनि लागु हुने भनिएका प्रावधानहरू कम्प्याक्ट कार्यक्रम र एमसीसी अनुदानको उपयोग लगायत कम्प्याक्ट अन्तर्गतका परियोजनाहरूको मूल्याङ्कन, लेखा परीक्षण र करको फरफारकको हदसम्म मात्र सान्दर्भिक हुनेछ भनी घोषणा गर्दछ।

१०. कम्प्याक्टको दफा ७.१ को सम्बन्धमा कम्प्याक्ट अन्तर्गतका कार्यक्रमको कार्यान्वयन कम्प्याक्ट तथा नेपालको प्रचलित राष्ट्रिय कानुन बमोजिम हुनेछ भनी घोषणा गर्दछ।

११. कम्प्याक्टको दफा ८.१ को सम्बन्धमा विद्युत् प्रसारण परियोजना लगायतका सबै चल तथा अचल सम्पत्ति र परियोजनासँग सम्बन्धित जग्गा नेपाल सरकार वा नेपाल सरकारका निकायको स्वामित्वमा रहनेछ भनी घोषणा गर्दछ।

१२. कम्प्याक्टमा रहेका प्रावधानहरूको आशय र प्रयोगका बारेमा मिलेनियम च्यालेञ्ज कर्पोरेसनबाट २०७८ भदौ २३ मा नेपालले प्राप्त गरेको स्पष्टीकरणले कम्प्याक्टको व्याख्या तथा कार्यान्वयनमा मद्दत गर्ने बुझाइ नेपालको रहेको छ।

## एमसीसी अनुमोदन पछि माओवादी केन्द्र महोत्तरीमा विवाद चुलियो

महोत्तरी। नेकपा माओवादी केन्द्रसहित सत्तागठबन्धनले एमसीसी पास गराएपछि माओवादी केन्द्र महोत्तरीले तीव्र असन्तुष्टि जनाएको छ। एमसीसी पास गर्ने बहानामा व्याख्यात्मक विश्लेषणलाई अगाडि सारी अनुमोदन गर्नु राष्ट्र हितविपरीत भएको भन्दै माओवादी केन्द्रका नेता तथा कार्यकर्ताले पाटी परित्याग गर्नेदेखि विद्रोहसम्मको तयारी गरेका छन।

माओवादी केन्द्र मधेश प्रदेश कमिटी सदस्य राजन ढुङ्गानाले फेसबुकबाट आफ्नो धारणा सार्वजनिक गर्दै नेतृत्व अमेरिकी साम्राज्यवादतर्फ घुँडा टेकेको आरोप लगाएका छन। राष्ट्रियता, जनतन्त्र र जनजिविकाको एजेण्डा बोकेर १० वर्षसम्म जनयुद्ध लडेको पाटी नै एमसीसीको पक्षमा घुँडा टेक्नु स्विकार्य नहुने बताउँदै उनले विद्रोह गर्ने बताएका छन। त्यसैगरी जिल्लास्थित नेता तथा कार्यकर्ताहरूले पनि बाक्लै असन्तुष्टि जनाएका छन। कतिपय कार्यकर्ताले माओवादी केन्द्रको औचित्य सकिएको भन्दै माओवादी नै त्याग्ने घोषणा समेत गरे। बर्दिबासका स्थानीय नेता सौरभ खडका र निरज अधिकारीले पनि पाटी नेतृत्वले गठबन्धनको सुरक्षा गर्ने बहानामा नेता कार्यकर्ताको भावनामा ठेस पुऱ्याएको बताए। बर्दिबासमा त एमसीसीका विरूद्ध चरणबद्ध आन्दोलन समेत भएको थियो।

पाटी नेतृत्वको यो निर्णयले जिल्लामा पाटीभित्रको सुदृढीकरण क्षीण भएको कतिपयको भनाइ छ। यसअघि प्रचण्डले एमसीसी कुनैपनि हालतमा पास गर्न नसकिने अडान लिदैं आएका थिए। एमसीसी राष्ट्रघाती सम्झौता भएको ठहर गर्दै अध्यक्ष प्रचण्डले लिएको अडानप्रति जिल्लाका नेता तथा कार्यकर्ताले निक्कै गर्व गर्दै आएका थिए। कतिपय नेताहरूले त नेतृत्व कुनैपनि हालतमा एमसीसीको पक्षमा नउभिने र उभिएपनि पार्टी नै छाडने चुनौती दिएका थिए। ५ दिन अगाडि एमसीसीको पक्षमा पार्टी उभिए पाटी नै परित्याग गर्ने सार्वजनिक गरेका स्थानीय नेता निरज अधिकारीले फेसबुकबाट अबदेखि माओवादीमा नरहेको सार्वजनिक गरेका छन्।

माओवादी केन्द्र महोत्तरीका संयोजक तुलसी ढुङ्गानाले पाटीको औचित्य सकिएको बताएका छन्। तर उनले पार्टी छोडने विषयमा प्रष्ट बनाएनन्।

माओवादी केन्द्र महोत्तरीका इन्चार्ज राजु खड्काले पनि एमसीसी अनुमोदनको विषयलाई लिएर आपत्ती जनाएका छन।

## 'चिनियाँ वक्तव्यबाजी आपत्तिजनक'

काठमाडौं। चिनियाँ सहायक विदेशमन्त्री, प्रवक्ता एवम् सूचना विभागकी महानिर्देशक हुआ छुनयिङले नेपाल र अमेरिकी सहयोग मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमएमसी) लाई जोडेर गरेको ट्वीटप्रति राष्ट्रिय एकता अभियानले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। अभियानका अध्यक्ष विनय यादवले प्रेस विज्ञप्ति जारी गर्दै चिनियाँ सहायक विदेशमन्त्री छुनयिङले गरेको उक्त ट्वीटप्रति आपत्ति जनाएका हुन्।

नेपाल र अमेरिकाबीच कुन शर्तमा कस्तो खालको सहयोग आदानप्रदान हुने अथवा नहुने यो दुई देशबीचको नितान्त द्विपक्षीय मामिला रहेको जारी विज्ञप्तिमा उल्लेख छ। अध्यक्ष यादवले भने, 'नेपाल र अमेरिका बीचको सम्बन्धमा खलल पुर्याउने खालको चिनियाँ सहायक विदेशमन्त्री छुनयिङले गरेकी हुन्, उनलाई नेपाल र अमेरिकाबीच हुने कुनै पनि सम्झौतामा बोल्ने अधिकार छैन।'

उनले नेपाल र अमेरिकाबीच हुने कुनै पनि सम्झौतामा तेस्रो कुनै मुलुकलाई बोल्ने अधिकार नभएको बताए। उनले भने, 'यस विषयमा तेस्रो कुनै मुलुकद्वारा गरिएको टिप्पणी अशोभनीय हो। मित्र राष्ट्र चीनलाई नेपालको अन्य मुलकसँग हुने सम्बन्धमा दरार पैदा नगर्न अभियानको आग्रह छ।'


**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उपायहरू :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने।
○ खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, मधेश प्रदेश**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उपायहरू :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने।
○ खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, मधेश प्रदेश**

## विश्व परिवेश

# भारतले युद्धग्रस्त युक्रेनमा मानवीय सहायता पठाउन थाल्यो



भारतले मंगलबार पोल्याण्ड हुँदै युक्रेनलाई औषधि र अन्य राहत सामग्रीसहितको मानवीय सहायताको पहिलो किस्ता पठाएको छ । मंगलबार साँझ विशेष मिडिया ब्रिफिङमा विदेश सचिव हर्षवर्धन श्रृङ्लाले बुधबार अर्को उडानले युद्धग्रस्त देशमा सहायताको दोस्रो खेप बोक्ने बताए।
"आज बिहान एउटा उडान पोल्याण्ड हुँदै युक्रेनमा मानवीय सहायताको पहिलो किस्ता बोकेर प्रस्थान गरेको छ," उनले भने। रूसको आक्रमणबाट भाग्न खोजेका दशौं हजार मानिसका कारण उत्पन्न भएको आफ्नो सीमा क्षेत्रमा मानवीय अवस्थाको सामना गर्न भारतले सोमबार युक्रेनलाई राहत सामग्री पठाउने निर्णय गरेको छ।
"प्रधानमन्त्रीले युक्रेनको सिमानामा मानवीय अवस्थाको सामना गर्न युक्रेनलाई राहत सामग्रीको पहिलो खेप भोलि पठाइने कुरा उल्लेख गर्नुभएको छ," विदेश मन्त्रालय (एम. ई. ए.) ले सोमबार भन्यो।
युक्रेनी राजदूत इगोर पोलिखाले अति आवश्यक मानवीय सहायता पठाएकोमा भारतलाई धन्यवाद दिए।
प्रधानमन्त्री मोदीले यो पनि भने कि भारतले छिमेकी र विकासोन्मुख देशहरूका मानिसहरूलाई मद्दत गर्नेछ जो युक्रेनमा फसेका छन् र सहयोग लिन सक्छन्, एम. ई. ए ले भन्यो ।
प्रधानमन्त्री नरेन्द्र मोदीले सोमबार र मंगलबार नयाँ दिल्लीमा युक्रेनमा फसेका भारतीयहरूलाई फिर्ता ल्याउन अपरेशन गंगा अन्तर्गतका प्रयासहरूको समीक्षा गर्न उच्चस्तरीय बैठकहरूको श्रृंखलाको अध्यक्षता गरे।
"प्रधानमन्त्रीले भने कि त्यहाँ सबै भारतीयहरू सुरक्षित छन् भनेर सुनिश्चित गर्न सम्पूर्ण सरकारी संयन्त्र चौबीसै घण्टा काम गरिरहेको छ । राहत सामग्रीको पहिलो खेप पठाउने भारतको घोषणा भारतका लागि युक्रेनी राजदूत इगोर पोलिखाले भारतसँग मानवीय सहायता मागेको केही घण्टापछि आएको हो।
यसैबीच भारतले युक्रेनबाट पश्चिमका देशहरूबाट भारतीय नागरिकहरूलाई बाहिर निकाल्न अपरेशन गंगा जारी राखेको छ । चार वरिष्ठ मन्त्रीलाई प्रधानमन्त्रीको विशेष दूतका रूपमा युक्रेनका छिमेकी देशहरूमा भारतीयहरूको उद्धारको निरीक्षण गर्न पठाइएको छ।
हरदीप सिंह पुरीलाई हंगेरी पठाइएको छ भने ज्योतिरादित्य सिन्धियाले रोमानिया र मोल्डोभामा निकासी प्रक्रियाको निरीक्षण गर्नेछन्, किरेन रिजिजु स्लोभाकिया र जनरल (रिटायर्ड) वी के सिंह पोल्याण्डमा तैनाथ हुनेछन् ।-*इण्डिया न्युज नेटवर्क*

# भारत-नेदरल्यान्ड्स कूटनीतिक सम्बन्धको ७५ वर्ष

INDIA AND THE NETHERLANDS
75 years of friendship

भारत र नेदरल्याण्ड्सबीचको कूटनीतिक सम्बन्धको ७५ वर्षको सम्झनामा विशेष लोगो अनावरण गरिएको छ । नेदरल्याण्ड्स भारतसँग द्विपक्षीय सम्बन्ध राख्ने पहिलो युरोपेली देशहरू मध्ये एक थियो, विदेश मन्त्रालय (एम. ई. ए.) ले बुधबार लोगो घोषणा गर्दा भन्यो। भारतका लागि नेदरल्याण्ड राज्यका राजदूत मार्टेन भान डेन बर्ग र भारत सरकारका विदेश मन्त्रालयका सचिव सञ्जय वर्माले बुधबार दुई देशबीचको कूटनीतिक सम्बन्धको ७५ औं वर्षगाँठको उपलक्ष्यमा लोगो जारी गरे। । लोगोमा दुवै देशका राष्ट्रिय फूल कमल र ट्युलिप राखिएको छ। लोगोको बीचमा रहेको चक्रले देशहरू बीचको मित्रताको बन्धनलाई चित्रण गर्दछ र झण्डाको रंगहरूले भारत र नेदरल्याण्डका मानिसहरू बीचको सम्बन्धलाई बढाउँछ। यो अनावरण एम. ई. ए. को "आजादी का अमृत महोत्सव" वर्षको समयमा भएको थियो र पानी, कृषि, नवप्रवर्तन, ऊर्जा, जलवायु, र संस्कृति सहित सहयोगको विस्तृत दायरामा वर्षभरि योजना गरिएका कार्यक्रमहरू र गतिविधिहरूको शृंखलाको सुरूवातलाई चिन्ह लगाउँदछ। आजादी का अमृत महोत्सव मनाउन नेदरल्यान्ड्सले भारतलाई मित्रताको प्रतीकका रूपमा ३००० वटा ताजा ट्युलिप प्रदान गरेको थियो जुन जवाहरलाल नेहरू भवनको बगैंचामा रोपिएको थियो।
*-इण्डिया न्युज नेटवर्क*

# पाकिस्तानको विदेशी ऋण १३ बिलियन डलर

इस्लामाबाद । पाकिस्तान सरकारले चालु आर्थिक वर्षको पहिलो सात महिनामा १३ बिलियन डलरभन्दा बढी वैदेशिक ऋण प्राप्त गरेको छ, जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ७० प्रतिशतले बढेको छ ।
पाकिस्तानको बढ्दो ऋणबाट तत्काल राहत नपाएको अवस्थामा वैदेशिक ऋण थपिएपछि मुलुकमा आर्थिक संकट सिर्जना भएको हो ।
आर्थिक मामिला मन्त्रालयले बुधबार दिएको जानकारी अनुसार आर्थिक वर्ष २०२१-२२ को जुलाई-जनवरीको अवधिमा ११.८ बिलियन डलरको कुल वैदेशिक ऋण उच्च ब्याजदरमा कबुल गरेको छ ।
पाकिस्तानको स्टेट बैंक (एसबीपी) को तथ्यांक अनुसार प्रधानमन्त्री इमरान खानको नयाँ पाकिस्तान सर्टिफिकेट अन्तर्गत अत्यधिक महँगो विदेशी ऋणमा लगभग १.३ बिलियन अमेरिकी डलर पनि प्राप्त गरेको छ । पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई) सरकारले पेस गरेको नयाँ उधारो साधन अधिक विदेशी ऋण रहेको छ ।
नयाँ कुल विदेशी ऋणले करिब ८२ प्रतिशत बजेट घाटा कम गर्ने र कृत्रिम रूपमा विदेशी मुद्रा सञ्चितिलाई वर्तमान स्तरमा कायम राख्ने लक्ष्य राखिएको थियो ।
यसको मतलब विदेशी ऋणदाताहरूलाई फिर्ता तिर्न दिगो स्रोत हुन्, यी ऋणहरूबाट कुनै सम्पत्तिहरू सिर्जना गरिएको थिएन।
नयाँ पाकिस्तान सर्टिफिकेट अन्तर्गत आर्थिक वर्ष २०२२ को जुलाई-जनवरी अन्तर्गत १.३ बिलियन डलर ऋण डलर सर्तमा ७ प्रतिशत ब्याज दरमा अधिग्रहण गरिएको थियो, जबकि स्थानीय मुद्रामा ११ प्रतिशतसम्म फिर्ता गर्नुपर्ने हुन्छ ।
फलस्वरूप, चालु आर्थिक वर्षको पहिलो सात महिनामा सुरक्षित भएको सञ्चित कुल वैदेशिक ऋण अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ५.४ बिलियन डलर (वा ७० प्रतिशत) बढेर १३ बिलियन १० मिलियन डलर पुगेको सरकारी तथ्याङ्कले देखाएको छ ।

# चीनको सिनजियाङमा 'नरसंहार' जारी

काठमाडौं । संयुक्त राज्य अमेरिकाले मंगलबार संयुक्त राष्ट्र मानवअधिकार उच्चायुक्त मिशेल बाचेलेटलाई सिन्जियाङमा उइगरहरूको मानवअधिकारको अवस्थाको बारेमा आफ्नो प्रतिवेदन प्रकाशित गर्न आह्वान गरेको छ ।
चिनियाँ सरकारले सिन्जियाङमा नरसंहार जारी राखेको बताउँदै अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले यस्तो आग्रह गरेका हुन् । उनले भनेका छन्, 'चीनमा, सरकारले सिन्जियाङमा उइघुर मुस्लिम र अन्य अल्पसंख्यक समूहमाथि नरसंहार र मानवता विरोधी अपराध जारी राखेको छ । हामी उच्चायुक्तलाई त्यहाँको अवस्थाको बारेमा आफ्नो रिपोर्टलाई ढिलाइ नगरी प्रकशित गर्न आग्रह गर्दछौं ।'
ब्लिन्केनले स्वीट्जरल्याण्डको जेनेभा स्थित संयुक्त राष्ट्रसंघको युरोपेली मुख्यालयमा संयुक्त राष्ट्रसंघ मानवअधिकार परिषद्को ४९औं सत्रलाई सम्बोधन गर्ने क्रममा यस्तो भनेका हुन् ।
सिन्जियाङ उइघुर स्वायत्त क्षेत्र चीनको सबैभन्दा ठूलो प्रान्त हो । जसमा विभिन्न जातीय समूहका करिब साढे दुई करोड मानिस बसोबास गर्छन् ।
तर तिनीहरूमध्ये लगभग ४५ प्रतिशत उइघुर मुस्लीम समुदायको जनसंख्या छ । अफगानिस्तान र पाकिस्तान सहित सात देशको सिमाना जोडिएको यस क्षेत्रलाई धेरै वर्षदेखि आतंकवाद र चरमपन्थको केन्द्र मानिएको स्पुतनिकले जनाएको छ ।
सन् २०१८ को अगस्तमा जातीय भेदभाव उन्मूलन सम्बन्धी संयुक्त राष्ट्र समितिका विज्ञहरूले चीनको सिनजियाङ उइगुर स्वायत्त क्षेत्रका क्याम्पहरूमा करिब १० लाख उइघुरहरू हुनसक्ने अनुमान गरेका थिए । चीनले मुस्लीम समुदायका नागरिकहरूलाई यस्ता शिविरमा राखेर उनीहरूो भाषा, संस्कृतिलगायतका कुराहरू परिवर्तन गर्ने गरेको आरोप छ ।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मधेश प्रदेश, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com


## जिल्ला समाचार

### तिलोत्तमामा अतिथि गृह तथा सभाहल निर्माण

रूपन्देही । रूपन्देहीको तिलोत्तमा नगरपालिकाले अतिथि गृह तथा सभाहल निर्माण गरेको छ । रू दुई करोड २२ लाखको लागतमा अतिथि गृह तथा रू एक करोड ५७ लाखको लागतमा सभाहलको निर्माण भएको छ । वडा नं ९ स्थित केवलानीमा १६ कोठाको अतिथि गृह र एक हजार २०० जना अट्ने क्षमताको सभाहल निर्माण गरेको नगरपालिकाले जनाएको छ । सो सभाहलमा हाल कोरोना अस्थायी अस्पताल तथा अतिथि गृहमा अस्पतालमा खटिने स्वास्थ्यकर्मीको आवास व्यवस्थापन गरिएको छ । कोरोना भाइरस सङ्क्रमणको दोस्रो लहरमा नगरपालिकाले सभाहलमा ६० शय्याको अस्थायी कोरोना अस्पताल निर्माण गरेको हो । महामारी पूर्णरूपमा अन्त्य भएपछि सभाहल तथा अतिथि गृहलाई उद्देश्यअनुरूप सञ्चालन गर्ने नगरपालिकाको तयारी छ । नगरपालिकाले दुई बिघा क्षेत्रफलमा अतिथि गृह र सभाहलको संरचना तयार गरेको नगरपालिकाका योजना प्रमुख इञ्जिनीयर प्रदीप वनले जानकारी दिए ।

### कांग्रेस धनुषाको अधिवेशन २३ गते

जनकपुरधाम । नेपाली काँग्रेस धनुषाको जिल्ला अधिवेशन फागुन २३ मा गर्ने निर्णय भएको छ । जनकपुरधामस्थित काँग्रेस धनुषाको बसेको बैठकले जिल्ला अधिवेशन फागुन २३ मा गर्ने निर्णय गरेको हो । मधेस प्रदेशलगायत विभिन्न १६ जिल्लामा हुन बाँकी रहेको जिल्ला अधिवेशनको मिति पटक-पटक सर्दै आएको छ । पछिल्लो पटक फागुन १५ मा हुने भनिएको जिल्ला अधिवेशन विभिन्न कारण देखाउँदै २० गतेलाई सारिएको जानकारीसहित पत्र काँग्रेस केन्द्रीय कार्यसमितिले पठाएको छ । तर केन्द्रीय समितिले तोकेको मितिमा जिल्ला अधिवेशन गर्न प्राविधिक समस्या रहेकाले जिल्लाको बैठक बसेर मिति निर्धारण गरिएको सभापति महेशशंकर गिरीले जानकारी दिए । प्रतिनिधिसभा सदस्यहरू एमसीसीको विषयमा १६ गते सदनमा हुने छलफलमा सहभागी हुने तथा १९ गते मिथिलाको महत्वपूर्ण धार्मिक पदयात्रा माध्यमिकी परिक्रमा प्रारम्भ हुने भएकाले जिल्ला अधिवेशन सारिएको उनले बताए । काँग्रेस धनुषाले २० गते उम्मेदवारी दर्ता, २१ गते दावी विरोध तथा उम्मेदवारी फिर्ता, २२ गते निर्वाचनको अन्तिम नामावली प्रकाशन र २३ गते निर्वाचन गर्ने निर्णय गरेको छ । काँग्रेस धनुषा जिल्ला सभापतिका लागि धनुषा उपसभापति रहेका सन्तोष यादव, क्षीरेश्वरनाथ नगरपालिकाका नगर प्रमुख योगेन्द्र पजियार र संविधानसभा सदस्य दिनेश प्रसैलाले आ-आफ्नो उम्मेदवारी विभिन्न समूहबाट घोषणा गरिसकेका छन् ।

### कपिलवस्तु मेयर कप वडा नम्बर २ लाई

मणि प्रसाद गैह्रे, कपिलवस्तु । कपिलवस्तु नगरपालिकाद्वारा सञ्चालित पाँचौं नगरस्तीय मेयर कप क्रिकेट प्रतियोगिता उपाधी वडा नम्बर २ ले जितेको छ । तौलिहवामा सम्पन्न प्रतियोगिता वडा नम्बर ९ लाई ३ विकेटले हराउँदै वडा नम्बर २ ले लगातार दोश्रो वर्ष पनि कप जितेको हो । जीतसँगै कपसहित नगद ५० हजार उसले हात पार्‍यो । दोश्रो भएको वडा नम्बर ९ ले कपसहित नगद ३० हजार पाएको थियो । वडा नम्बर ९ ले दिएको ९७ रनको लक्ष्य १७ दशमलव १ बलमा ७ विकेटको क्षतिमा वडा नम्बर २ ले लक्ष्य पार गरेको थियो । टस जितेर पहिलो ब्याटीङमा उत्रेको वडा नम्बर ९ निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ९६ रन बनाएको थियो । ३८ रन बनाएर उत्कृष्ट प्रदर्शन गरेका वडा नम्बर २ का जितेन्द्र पाण्डेय मैन अफ द म्यान घोषत भए । यस्तै, प्रतियोगिता भर कुल १ सय १२ रन र ८ विकेट लिएका वडा नम्बर २ कै रामनिवास यादव मैन अफ द सिरिज घोषित भए । उनलाई २ हजार नगद र प्रमाण पत्र प्रदान गरिएको थियो । प्रतियोगितामा १२ वटा खेलमा मैन अफ द म्याच भएका ११ खेलाडीलाई नगद १ हजार प्रदान गरिएको थियो । सो अवसरमा पूर्वमन्त्री एवं नेपाली कांग्रेस लुम्बिनी प्रदेशका महामन्त्री सुरेन्द्रराज आचार्य, नगर प्रमुख किरण सिंहले संयुक्तरूपमा कप, नगद, मेडल र प्रमाण पत्र प्रदान गरेका थिए ।

### जबरजस्ती करणी गरी बालिका हत्या गर्ने पक्राउ

मोरङ । १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरी हत्या गरेको अभियोगमा लेटाङ नगरपालिका-८ बस्ने ६४ वर्षीय दिपक गिरीलाई प्रहरीले पक्राउ गरेको छ । लेटाङस्थित श्री जाँते उच्च माबिमा ६ कक्षामा पढ्ने बालिका गत बुधबार स्कुल छुट्टी भएपश्चात घर फर्कने क्रममा हराई बेपत्ता भएको भन्ने खबर ईलाका प्रहरी कार्यालय लेटाङमा प्राप्त भएपछि खोजी गर्नेक्रममा शुक्रबार बिहान लेटाङ नगरपालिका-८ लाल हिरा सामुदायिक बनमा ढुङ्गाले छोपेको अवस्थामा उनको शव फेला परेको थियो । दिपकले ती बालिकालाई विद्यालयबाट फर्किंदै गर्दा बाटोमा एक्लै फेला पारी फकाई फुल्याई जंगल भित्रको बाटोबाट जाँदा छोटो पर्छ भनि लगेर शारीरिक सम्पर्कको लागि प्रस्ताव गर्दा अस्वीकार गरे पश्चात जवरजस्ती करणी गरी सकेपछि पोल खोल्न सक्ने डरले बालिकालाई घाँटी थिच्दै मुख थुनेर हत्या गरी नजिकै रहेको खोल्सीमा घोप्टो पारेर ढुंगाले शव छोपेको खुल्न आएको छ । साथै उनले हत्या पश्चात बालिकाको सबै लुगा, कपडा र जुत्ता समेत आफैले बोकेर ल्याई आफ्नै घर पछाडी रहेको खोल्सीमा जलाई घर फर्कीएको खुल्न आएको छ । प्रहरीले उक्त खोल्सीमा रहेको खरानीको थुप्रोबाट बेल्टको बक्कल र कडी, जुत्ताको सोलको भाग, ज्याकेटको बटमहरू र फरकको खिपहरू र सो नजिकै लाईटर समेत फेला पारी बरामद गरेको छ ।

### 'जनस्वास्थ्यलाई एजेन्डा बनाउनुपर्छ'

धनगढी । राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले आउँदै गरेको स्थानीय तहको निर्वाचनमा जनस्वास्थ्यका विषयलाई राजनीतिक एजेन्डा बनाउनुपर्ने बताएका छन् । सुदूरपश्चिम प्रदेशको धनगढीमा आइतबार सम्पन्न 'कोभिड-१९ बिरूद्धको खोपसम्बन्धी जोखिम सञ्चार तथा सामुदायिक सहभागिता' विषयक एक दिने अन्तर्क्रिया कार्यक्रममा बोल्दै उनले स्थानीय निर्वाचनमा जनताका घरदैलोमा भोट माग्न जाँदा राजनीतिक दलले जनस्वास्थ्यका विषयमा सचेतना जगाउने र आफ्नो योजना पेश गर्न सुझाव दिए । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आयोजना, संघीय संसदको संयोजन र विश्व स्वास्थ्य संगठनको प्राविधिक सहयोगमा आयोजित अन्तर्क्रिया कार्यक्रममा बोल्दै अध्यक्ष तिमिल्सिनाले कोरोना महामारी अहिले नियन्त्रण उन्मुख रहेको र स्वास्थ्य अनुशासन तथा कोरोना विरूद्धको खोप लगाएर यसलाई पराजित गर्नुपर्ने बताए । 'महामारी र विनाशपछि विकासमा पुऱ्याउने विश्वको अनुभवबाट बुझ्न सकिन्छ,' उनले भने, 'कोभिडले धेरै आफन्त गुमायौं।हामी पनि संक्रमित भएँ। त्यससँगै स्वास्थ्य क्षेत्रमा ठूलो सुधार र क्रान्ति पनि भएको छ।स्वास्थ्य पूर्वाधार निर्माण भएका छन्।यो सकारात्मक पक्ष हो ।' अध्यक्ष तिमिल्सिनाले सांसदहरूले कानुन निर्माणसँगै देशको आर्थिक विकास, समृद्धी र सुशासनमा केन्द्रित हुँदै जनताको पक्षमा काम गर्नुपर्ने बताए ।

### लुम्बिनीमा इन्डो नेपाल क्रिकेट टुर्नामेन्ट हुने

रूपन्देही । पडरिया लुम्बिनी प्रिमियर लिगअन्तर्गत इन्डो नेपाल क्रिकेट टुर्नामेन्ट आगामी फागुन २१ गतेदेखि लुम्बिनीमा हुने भएको छ । शनिबार लुम्बिनीमा पत्रकार सम्मेलन गर्दै प्रतियोगिताबारे आयोजक लुम्बिनी नव युवा क्लब पडरियाले जानकारी दिएको हो । क्रिकेट प्रतियोगिता नेपाल र भारतका टिमबीच हुनेछ । लुम्बिनी गार्डेन पडरियामा आयोजना हुने प्रतियोगितामा भारतका १६ र नेपालका १६ टिमको सहभागिता रहनेछ । नेपालको तर्फबाट भैरहवा वारियर्स, बुटवल युथ, धकधई क्रिकेट, रूपाकोट गुल्मी, कपिलबस्तु इलाभेन, जनकपुरधाम, रकइलाभेन स्याङ्जा, ग्रान्ड कस्मो लगायत १६ टिम खेलमा सहभागी हुनेछन् भने भारतको तर्फबाट गोरखपुर रेल्वे, अजमगड, देगोरिमा, वडहरगंज, उस्का, वडनीबजार, डुमारमाजन्ज, महारजगंज लगायत १६ टिम खेलमा सहभागी हुनेछन् । दुई देशका खेलाडीहरू खेलमा सहभागी हुने भएता पनि नेपालका खेलाडी नेपालकै टिमसँग र भारतका खेलाडी भारतका सँगै हुनेछ । फाइनल खेल नेपाल र भारत बीच हुने क्लबका अध्यक्ष अहमद हुसेनले बताए । प्रतियोगितामा विजेता टिमले १ लाख २५ हजार पुरस्कार पाउने छ भने उपविजेताले ७० हजार पुरस्कार रकम पाउने छन् । प्रतियोगिता अवधिभर उत्कृष्ट खेल्ने खेलाडीले १० हजार पाउने छन् । लुम्बिनी नव युवा क्लबले पहिलो पटक सन् २०१८ मा खेल आयोजना गरेको थियो । क्लबले अहिले चौथो पटक खेल आयोजना गर्दै छ । दर्शकका लागि निःशुल्क प्रवेशको व्यवस्था मिलाएकोले नेपाल र भारतका दर्शकहरूको ठूलो भिड हुने आयोजकले बताएका छन् ।

### आगलागी हुँदा १२ लाखको क्षति

बाँके । खजुरा गाउँपालिका-३ खजुरा १ नम्बर बजारस्थित देवि थापा मगरको लक्ष्मी फेन्सी कलेक्सन पसलमा मोबाईल चार्जमा राखेकोमा चार्जर सर्ट भई बुधबार बिहान आगलागी हुँदा पसलमा रहेका कपडा, जुत्ता लगायतका सामान जलेर करिब १२ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

### करेन्ट लागेर एकको मृत्यु

रौतहट । कटहरिया नगरपालिका-२ हथियाहि बस्ने ६५ वर्षीय हरिनारायण राउतको खेतमा पानी लगाउने क्रममा तारबाट करेन्ट लागेर बुधबार बिहान मृत्यु भएको छ ।

# कोरियोग्राफर अश्विनीलाई 'दक्ष कला सम्मान'



काठमाडौं । नेपाली सौन्दर्य प्रतियोगिता एवं फेशन कोरियोग्राफीमा छुट्टै पहिचान बनाएका कोरियोग्राफर अश्विनी कान्त झालाई 'दक्ष कला सम्मान' प्रदान गरिएको छ । राजधानीमा आयोजित एक कार्यक्रममा कोरियोग्राफर झालाई सो विधाले सम्मानित गरिएको हो ।

समारोहका प्रमुख अतिथी पूर्वमन्त्री राजकिशोर यादव, नेपाली चलचित्रका नायक भुवन केसी र आयोजक संस्थाका तर्फबाट संस्थाका प्रमुख टेक राज पाण्डेले संयुक्त रूपमा दोसल्ला तथा सम्मान-पत्रले झालाई सम्मानित गरेका छन् ।

कोरियोग्राफर अश्विनीले नेपाली सौन्दर्य प्रतियोगिता तथा फेशन कोरियोग्राफीमार्फत नेपाली समाजमा रहेका प्रतिभाहरूलाई विभिन्न प्रतियोगितामा आफ्नो प्रशिक्षणले यस क्षेत्रमा कुशल तथा अब्बल नागरिक उत्पादन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा समेत आफ्नो प्रभुत्व जमाउन सफल भएका छन् ।

उनले कोरियोग्राफीमार्फत समाजमा विद्धमान विसंगतीलाई प्रहार गरी विभिन्न प्रतियोगितामा सामाजिक मुद्दालाई समेत उजागर गरी उच्च प्राथमिकताका आवाज उठाउने गरेका छन् ।

नेपाली सौन्दर्य प्रतियोगिता लगायत फेशन विधामा स्थापित झा डेढ दशकदेखि क्रियाशील रहि पुर्याएको योगदानको कदर स्वरूप दक्ष इन्टरनेसनलले सम्मानित गर्न पाउँदा निकै खुशी लागेको आयोजक संस्थाका प्रमुख टेकराज पाण्डेले बताए । नेपाली कला क्षेत्रमा कोरियोग्राफीका माध्यमले पुर्याएको योगदनलाई कदर गर्दै युवा मन्त्रालयबाट प्रदान गरिने 'राष्ट्रिय युवा प्रतिभा सम्मान २०७७' बाट सम्मानित कोरियोग्राफर अश्विनीले यसअघि पनि थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार र सम्मान प्राप्त गरिसकेका छन् । सम्मान ग्रहण गर्दै कोरियोग्राफर झाले आयोजक संस्थालाई धन्यवाद दिदैं नेपाली कला संस्कृतिलाई अझ उचाईमा पुर्याउन निरन्तर क्रियाशील रहि सौन्दर्य प्रतियोगिता तथा फेशन क्षेत्रको संरक्षण, सम्बर्दन र विकासमा आफ्नो योगदान रहने र यस्ता सम्मानले आफ्नो कर्ममा अझै दत्तचित्त भएर अघि बढ्न हौसला मिलेको प्रतिक्रिया दिए ।

उक्त कार्यक्रममा कोरियोग्राफर अश्विनी कान्त झा लगायत हाँस्य अभिनेता प्रेम पाण्डे, अभिनेता उत्तम केसी, चलचित्र निर्देशक कल्याण अधिकारी, मेकअप आर्टिस्ट गीता पौडेल, ब्युटिसियन रचना शाक्य र रेनु शाक्य रानालाई पनि कार्यक्रममा सम्मानित गरिएको थियो ।

# नेपालमा लगानी बढाउन गुजरातका मुख्यमन्त्री पटेललाई आग्रह



काठमाडौं । भारतीय राज्य गुजरातका मुख्यमन्त्री भुपेन्द्र रजनीकान्त पटेलसँग नेपाल-भारत उद्योग वाणिज्य संघका उपाध्यक्ष सुनिल केसीले शिष्टाचार भेटवार्ता गरेका छन् ।

मुख्यमन्त्री पटेलको सरकारी निवास गान्धीनगर गुजरातमा मंगलबार भेटवार्ता भएको हो । सो क्रममा संघका उपाध्यक्ष सुनिल केसीले गुजरातका निजी क्षेत्रका लगानीकर्ता तथा सरकारको तर्फबाट नेपालमा लगानी बढाउन तथा दुई देशबीच सहकार्य र सहयोग आदानप्रदान गर्न अनुरोध गरेको संघका निर्देशक केशवमान सिंहले जानकारी दिए ।

उक्त भेटको क्रममा मुख्यमन्त्री पटेलले दुई देशबीच रही आएको सदियौं पुरानो सम्बन्धमा समेत सौहार्दपूर्ण समीक्षा गर्दै दुईपक्षीय सहयोग तथा सहकार्य अभिवृद्धि गर्न गुजरात सरकार सकारात्मक रहेको बताएका थिए । उनले नेपालको जलविद्युतको क्षेत्र, सौर्य ऊर्जालगायतका नवीकरणीय ऊर्जा एवं सूचना प्रविधि, पूर्वाधार विकासको क्षेत्रमा लगानी गर्ने विषयमा पनि सहमति जनाएको सिंहले बताए ।

उक्त भेटवार्तामा संघले आगामी उपयुक्त समयमा आयोजना गर्ने योजना गरेको नेपाल-भारत साझेदारी सम्मेलनमा विशेष अतिथिको रूपमा सहभागी हुन तथा गुजरातको आर्थिक विकासको मोडलका विषयमा आफ्नो धारणासहित सम्बोधन गर्न राखेको प्रस्तावमा पनि मुख्यमन्त्री पटेलले सहमति जनाएको संघले बताएको छ ।

उक्त भेटघाट कार्यक्रमको सिलसिलामा दुई देशबीचका लगानीकर्ताहरूलाई एकै स्थानमा ल्याई लगानी तथा आपसी सहयोगको क्षेत्रमा व्यापक विचारविमर्श गर्ने उद्देश्यसहित काठमाडौं र अहमदाबाद दुवै स्थानमा नेपाल-गुजरात वाणिज्य मञ्चको स्थापना गरी अघि बढ्ने विषयमा पनि सहमति भएको संघले जनाएको छ ।

# एमसीसीमा...

गर्ने जवाफ दुवै शक्ति राष्ट्रलाई दियो ।

'आफ्नो राष्ट्रिय हित र प्राथमिकताका आधारमा नेपालले विकास सहायता स्वीकार गर्ने निर्णय गरेको हो,' परराष्ट्र मन्त्रालयले भनेको छ, 'नेपाल र नेपाली जनताको हितमा कुन विकास सहायता चाहिन्छ भन्ने कुरा नेपालको सार्वभौम संसदले मात्रै निर्णय गर्छ ।'

नेपालले विज्ञप्ति जारी गरेपछि चीन रोकिएला भन्ने अनुमान धेरैको थियो । तर त्यसो भएन । चीनले पुन: नेपाल-अमेरिका द्विपक्षीय विषयमा मुख खोल्यो । फागुन ११ गते बेइजिङमा आयोजित पत्रकार सम्मेलनमा चिनियाँ विदेश मन्त्रालयकी प्रवक्ता हुवा छुनयिङले एमसीसीलाई 'पान्डोरा बक्स' बताइन् ।

'अमेरिकी दूतावासले ५० करोड डलर एमसीसी अनुदानलाई 'अमेरिकी जनताले नेपालीलाई दिएको उपहार' भनेको छ । मलाई अचम्म लाग्छ, अल्टिमेटम प्याकेजको साथ उपहार कसरी आउँछ ?,' चिनियाँ विदेश मन्त्रालयकी प्रवक्ताले प्रश्न गरिन् ।

यसअघि नेपालस्थित अमेरिकी दूतावासले एमसीसी अमेरिकी जनताले नेपाललाई दिएको उपहार भनेको थियो । त्यसैप्रति चिनियाँ विदेश मन्त्रालयकी प्रवक्ता हुवाले पत्रकार सम्मेलनमा व्यङ्ग्य गरेकी थिइन् ।

हुवा यत्तिमै रोकिइनन् । उनले एमसीसी अनुमोदन नगर्न नेपाललाई पनि दबाब दिइन्, 'यस्तो 'उपहार' कसैले कसरी स्वीकार गर्न सक्छ ? के यो 'उपहार' हो वा पान्डोराको बक्स ?' उनले एमसीसी कार्यन्वयन गर्न नेपाललाई गाह्रो हुने चेतावनी समेत दिइन् ।

यसैबीच फागुन १५ गते नेपालको प्रतिनिधि सभाले 'ब्याख्यात्मक घोषणा' सहित एमसीसी अनुमोदन गर्यो र कार्यान्वयनको ढोका खोलिदियो ।

एमसीसी अनुमोदन भएकै दिन अमेरिकाले यसको स्वागत गर्यो । अमेरिकी दूतावासले विज्ञप्ति जारी गर्दै भन्यो, 'अब यस पाँच-वर्षीय कार्यक्रमको कार्यान्वयनको दिशामा नेपाल सरकार अगाडि बढ्न सक्ने अवस्था बनेको छ ।'

नेपालको संसदले एमसीसी अनुमोदन गरेको भोलिपल्ट अर्थात फागुन १६ गते चीनले फेरी एमसीसीका विषयमा चासो व्यक्त गर्यो । सार्वजनिक रूपमा एमसीसीका विषयमा चीनले प्रतिक्रिया जनाएको यो तेस्रो पटक थियो ।

'चीनले नेपालको संसदको निर्णय र 'व्याख्यात्मक घोषणा' नोटिस गरेको छ,' सोमबार बेइजिङमा आयोजित पत्रकार सम्मेलनमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले भने, 'कुनै पनि देशले अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्नु हुँदैन । राजनीतिक स्वार्थहरू राख्नु हुँदैन र जबरजस्ती कूटनीतिमा संलग्न हुनुहुँदैन ।'

चीनले बारम्बार एमसीसीका विषयमा टिप्पणी गरिरहे पनि अमेरिकाले भने चीनको टिप्पणीप्रति चासो दिएको छैन । नेपाल र अमेरिका दुवै चीनको टिप्पणीप्रति मौन रहँदै आए पनि द्विपक्षीय विषयमा चीनले देखाएको यो चासो र हस्तक्षेप सामान्य भने होइन ।

**दलहरूको अपरिपक्वता**

शक्ति राष्ट्रहरूले आफ्नो स्वार्थ र शक्ति विस्तारका लागि कूटनीतिक अभिव्यक्ति दिनु नयाँ होइन । शक्ति केन्द्रहरूलाई आफ्नो देशको पक्ष र विपक्षमा बोल्ने वातावरण सिर्जना गर्ने नेपाली दलका नेताहरूको 'अपरिपक्व कूटनीति' प्रदर्शनलाई भने अस्वभाविक मान्नुपर्ने कूटनीतिक मामिलाका जानकारहरू बताउँछन् ।

केही अघिसम्म दलका नेताहरूलाई भित्री रूपमा दबाब दिंदै आएका शक्ति राष्ट्र अमेरिका र चीन खुलेआम उत्रिँदा उनीहरूको सामरिक स्वार्थलाई त बल पुग्ला, नेपालको आन्तरिक राजनीति र अन्तराष्ट्रिय उपस्थितिबारे भने जर्बजस्त प्रश्न छाडेको छ ।

# लोसपाले...

संघ, लोकतान्त्रिक प्राध्यापक संघ, लोकतान्त्रिक बुद्धिजीबी संघ, लोकतान्त्रिक शिक्षक संघ, लोकतान्त्रिक किसान संघ, लोकतान्त्रिक भू.पू. कर्मचारी संघ, लोकतान्त्रिक मुस्लिम संघ, लोकतान्त्रिक दलित संघ, लोकतान्त्रिक आदिवासी जनजाति संघ, लोकतान्त्रिक सांस्कृतिक तथा कलाकार संघ, लोकतान्त्रिक चिकित्सक तथा स्वास्थ्य प्राविधिक संघ र लोकतान्त्रिक ट्रेड युनियन संघ निर्माण गर्ने निर्णय गरेको छ ।

यसैगरी, लोकतान्त्रिक पत्रकार संघ, लोकतान्त्रिक थारू संघ, लोकतान्त्रिक नाई संघ, लोकतान्त्रिक अपाङ्ग संघ, लोकतान्त्रिक भू.पू. प्रहरी संघ, लोकतान्त्रिक भू.पू. सैनिक संघ, लोकतान्त्रिक कृषि मजदूर संघ, लोकतान्त्रिक ईन्जिनियर संघ, लोकतान्त्रिक कानून व्यवसायी संघ, लोकतान्त्रिक गैसस संघ, लोकतान्त्रिक खेलकुद संघ, लोकतान्त्रिक उद्योग वाणिज्य महासंघ, लोकतान्त्रिक सहकारी संघ र लोकतान्त्रिक प्रवास संघ निर्माण गर्ने अध्यक्ष ठाकुरले विज्ञप्तिमार्फत जनाएका छन् ।

# चीन...

नराखौंला । बीआरआईबाट पनि हामी लाभ लिन सक्नुपर्छ । कसैले अनुदान दियो भने त्यो पनि लिनुपर्छ र कसैले सस्तो ब्याजमा ऋण दियो भने त्यो पनि लिएर देश विकासमा खर्चिनुपर्छ । त्यसकारणले चीनसँग पनि सम्बन्ध बिगार्नु हुँदैन । चीनले जुन हस्तक्षेपकारी भूमिका खेलिरहेको थियो, त्यो अमेरिकालाई हेरेर गरिरहेको थियो ।

नेपालको भौगोलिक अवस्थितिका कारण हाम्रा दुई छिमेकीमध्ये भारतसँग अत्यन्त सुमधुर सम्बन्ध छ । चीनसँग पनि मित्रतापूर्ण सम्बन्ध चाहिन्छ । अमेरिकजस्तो शक्तिशाली राष्ट्र जुन दातृ निकाय जस्तो पनि छ, यी देशहरूसँग सहयोग लिएर नेपालको विकास गर्न सकिन्छ । यो बुद्धिमतापूर्ण हो, यस्तै खालको नीति हामीलाई चाहिन्छ । नेपालको संसदबाट एमसीसी पारित भइसकेपछि छिमेकी चीन रिसाउनुपर्ने आवश्यक छैन । एमसीसीलाई रोक्ने चीनले धेरै प्रयास गर्‍यो तर हाम्रो यो सार्वभौम निर्णय हो । चीनलाई सबभन्दा ठूलो आशंका छ कि अमेरिका एमसीसीमार्फत् सेना आएर के-के गरिदिने होला । तर चीन ढुक्क हुनुपर्छ कि नेपाली भूमि कुनै देशका विरूद्ध प्रयोग हुँदैन ।

# भारत सरकारको सहयोगमा धनगढीमा निर्मित नेपाल प्रहरी विद्यालयका भवनहरू उद्घाटन



कैलाली । भारत सरकारको आर्थिक सहयोगमा जिल्लाको धनगढीमा निर्मित नेपाल प्रहरी विद्यालयको बहुउद्देश्यीय हल, छात्रावास तथा शिक्षक भवनको उद्घाटन भएको छ । भारतीय राजदूतावासका प्रथम सचिव नवीन कुमार र सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री पूर्णा जोशीले बुधबार धनगढीमा अवस्थित नेपाल प्रहरी विद्यालयको बहुउद्देश्यीय हल, छात्रावास र शिक्षक भवन सहितको नयाँ भवनको उद्घाटन गरेका छन् । सो उद्घाटन समारोहमा कैलाली जिल्ला समन्वय समिति, विद्यालय व्यवस्थापन समिति तथा स्थानीय सरकारका अधिकारीहरूको उपस्थिति थियो । यो परियोजना भारत स्वतन्त्र भएको ७५ वर्षको उत्सव मनाउन भारत सरकारले अघि सारेको "India@75 आजादीका अमृत महोत्सव" अन्तर्गत यस वर्ष नेपालमा उद्घाटन गरिने ७५ वटा परियोजनाहरू मध्येको एक हो ।

भारत सरकारको आर्थिक सहयोगमा भारत-नेपाल विकास सहकार्य अन्तर्गत नेरू. ४ करोड २२ लाख ६० हजारको लागतमा यी नयाँ भवनहरूको निर्माण भएका हुन् । सन् १९८५ मा स्थापना भएको यो विद्यालयमा हाल ६६५ जना विद्यार्थीहरू अध्ययनरत छन् । सन् २००३ यता भारतले नेपालमा ५२३ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू अघि बढाइसकेको छ भने ४६७ वटा परियोजनाहरू सम्पन्न गरिसकेको छ । ती परियोजनाहरू मध्ये कैलाली जिल्लाका ८ गरी सुदूरपश्चिम प्रदेशमा ३२ वटा परियोजना रहेका छन् । यसको अलावा, भारत सरकारले कैलाली जिल्लाका लागि ८ वटा एम्बुलेन्स र ७ वटा विद्यालय बस उपहार स्वरूप प्रदान गरिसकेको छ । नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच बहुपक्षीय र बहुक्षेत्रीय विकास साझेदारी रहेको छ । भारत-नेपाल विकास सहकार्य अन्तर्गत निर्माण भएको यस नवनिर्मित संरचनाले शिक्षाको क्षेत्रमा नेपाल सरकारका प्रयासहरूलाई अझ सशक्त बनाउन भारत सरकारले पुऱ्याउँदै आएको निरन्तर सहयोगलाई प्रतिबिम्बित गरेको जनाइएको छ ।

# वन्यजन्तु संरक्षणका लागि नेपाल र भारतबीच समन्वयात्मक बैठक

काठमाडौं । वन्यजन्तु संरक्षणका विषयमा अनुभव आदान प्रदान गर्न नेपाल र भारतका अधिकारीका बीचमा समन्वयात्मक बैठक सम्पन्न भएको छ । दुई देशबीचको स्थानीयस्तरको अन्तरसीमा स्तरीय समन्वयात्मक सो बैठक भारतको वाल्मीकि टाइगर रिजर्बको मङ्गुराहमा आयोजना भएको हो । नेपालतर्फ चितवन राष्ट्रिय निकुञ्ज र भारततर्फ वाल्मीकि टाइगर रिजर्बले संयुक्त रूपमा सो बैठकको संयोजन गरेका थिए । निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यका नेतृत्वमा यहाँका टोली र वाल्मीकि टाइगर रिजर्ब फिल्ड डाइरेक्टर डा के नेशमनिले भारतको तर्फबाट नेतृत्व गरेका हुन् ।

बैठकमा सहभागी संरक्षण अधिकृत आचार्यका अनुसार वन्यजन्तु आवतजावतमा आवश्यक व्यवस्थापनका विषय, मानव वन्यजन्तु बीचको द्वन्द्व न्यूनीकरण र चोरीशिकारका विषयमा सूचना आदानप्रदान, आपसी सहयोगमा अभिवृद्धि जस्ता विषयमा छलफल भएको छ । वन र वन्यजन्तु संरक्षणका क्रममा सीमा क्षेत्रमा कुनै समस्या आइपरेमा तत्काल सम्बन्धित अधिकारीका बीचमा छलफल गरेर समाधान गर्ने विषयमा वृहत छलफल भएको उनले जानकारी दिए ।

बैठकमा नेपालका तर्फबाट पर्सा राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) का डिभिजन वन कार्यालय प्रमुख, विश्व वन्यजन्तु कोष, राष्ट्रिय प्रकृति संरक्षण कोष सौराहा, जेडएसएल लगायतका संस्थाका प्रमुख एवं प्रतिनिधि बैठकमा सहभागी भएका थिए । भारततर्फको वाल्मीकि टाइगर रिर्जबका डाईरेक्टर डा.नेशमनिल, विश्व वन्यजन्तु कोष भारतका रेन्ज अफिसर लगायतको उपस्थिति रहेको थियो ।

# युक्रेनबाट नेपालीको पनि उद्धार

काठमाडौं । भारतले युक्रेनमा रहेका आफ्ना नागरिकहरूको धमाधम उद्धार गरिरहेको छ । उसले पोल्यान्ड, हंगेरी, रोमानिया, मोल्डोभाबाट आफ्ना नागरिकलाई उद्धार गरी ल्याइरहेको छ । अपरेशन गंगा नाम दिइएको उद्धारका क्रममा हजारौं भारतीय नागरिक विमानबाट फर्काइने क्रम चलिरहेको छ । नेपालले पनि आफ्ना नागरिकको उद्धारका लागि भारतलाई सहयोगको आग्रह गरेको छ । यसप्रति भारतले सकारात्मक जवाफ दिएको जनाइएको छ ।

जी न्यूजका अनुसार बिहीबार उद्धार गरी ल्याइने भारतीयसँगै नेपाली नागरिक पनि ल्याइनेछन् । केही नेपालीहरू उद्धार गरी नयाँ दिल्ली ल्याइने जी न्यूजले उल्लेख गरेको छ । युक्रेनमा २ सय भन्दा बढी नेपाली रहेको तथ्यांक प्राप्त भएको छ । उनीहरूको उद्धारका लागि परराष्ट्र मन्त्रालयल पहल गरिरहेको जनाएको थियो ।

## आर्थिक समाचार

### पल्सर स्पोर्टस अवार्ड चैत ८ मा

काठमाडौं । यस वर्षको पल्सर स्पोर्टस अवार्ड चैत ८ गते आयोजना हुने भएको छ । आयोजक नेपाल खेलकुद पत्रकार मञ्चले आइतबार पत्रकार सम्मेलन गरेर १८ औं संस्करणको अवार्डको मिति सार्वजनिक गरेको हो । मञ्चका अध्यक्ष दुर्गानाथ सुबेदीले कोभिडका कारण गत वर्ष कमै मात्र प्रतियोगिता आयोजना भएका कारण यस वर्ष फरक स्वरूपमा अवार्ड गरिने बताए । उनले पछिल्ला १० वर्षमा नेपाली खेलकुदमा ईतिहास कायम गरेका व्यक्तिलाई यस वर्ष सम्मानित गरिने बताए । आयोजकका अनुसार यस वर्ष सर्वोत्कृष्ट दशक पुरूष खेलाडी, सर्वोत्कृष्ट दशक महिला खेलाडी, सर्वोत्कृष्ट दशक प्रशिक्षक, पारा एथलिट सम्मान, स्पेसल वार्ड, लाईफटाइम एचिभमेन्ट अवार्ड, एसियन स्पोर्टस जर्नालिस्ट अवार्ड र पिपल्स च्वाइस अवार्ड विधामा पुरस्कृत गरिनेछ । दशक अवार्ड भएका कारण यस वर्ष सर्वोत्कृष्ट युवा खेलाडीको विधा भने समावेश नगरिने आयोजकले जनाएको छ । मञ्चका महासचिव प्रज्वल ओलीले अवार्डका लागि मञ्चको खेलाडी छनोट समितिले आवश्यक गृहकार्य सुरू गरिसकेको बताए । उनले दशक खेलाडी पुरूष, महिला, प्रशिक्षकको छनोट कार्य सुरू भइसकेको जानकारी दिए । ओलीका अनुसार पारा एथलिट, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड र एसियन स्पोर्टस जर्नालिस्ट अवार्डका विजेता कार्यक्रमकै दिन घोषणा गरिनेछ भने पिपल्स च्वाइस अवार्डका लागि भने छिटै मनोनयन सार्वजनिक गरिनेछ । आयोजकका अनुसार दशक खेलाडी पुरूष, महिला, प्रशिक्षक र पिपल्स च्वाइस गरी चार विधाका विजेतालाई बजाज पल्सर मोटरसाइकल प्रदान गरिनेछ ।

### आइएमई होस्टेमा हैंसे अफर सार्वजनिक

काठमाडौं । आइएमईले बैंक डिपोजिटलाई लक्षित गरि होस्टेमा हैंसे अफर सार्वजनिक गरेको छ । सेवाग्राहीमुखी उक्त अफर फागुन १७ देखि चैत्र १७ (तद्नुसार मार्च १ देखि मार्च ३१, २०२२ सम्म) एक महिनासम्म कायम रहनेछ । 'होस्टेमा हैंसे' भन्ने मुल नाराका साथ तयार पारिएको उक्त अफर काठमाडौं पानीपोखरीस्थित आइएमई केन्द्रीय कार्यालयमा आज आयोजित एक विशेष कार्यक्रमका वीच सार्वजनिक गरिएको हो । अफर अन्तर्गत नेपाल भरी जुनसुकै बैंक तथा वित्तीय संस्था, सहकारी संस्था तथा आइएमई पे वालेट खातामा सिधै रकम पठाउन सकिन्छ । अफर अवधिमा हरेक दिन पाँच (५) जनालाई रू. १,०००/-, हरेक हप्ता दुई (२) जना भाग्यशाली सेवाग्राहीहरूलाई रू. २५, ०००/- तथा बम्परमा एक (१) जना भाग्यशाली सेवाग्राहीलाई रू. १,५०,०००/- रकम पुरस्कार स्वरूप प्रदान गरिनेछ । अफर सार्वजनिक कार्यक्रममा आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेलले होस्टेमा हैंसे अफर आम सेवाग्राहीहरूले आइएमईप्रति दर्शाउँदै आउनुभएको निरन्तर विश्वासको परिणाम भएको उल्लेख गर्दै यस्ता अफरहरूले आमसेवाग्राहीहरू र कम्पनीवीचको सम्बन्धलाई प्रगाढ बनाउने विश्वास व्यक्त गरे । अफर अवधिमा भाग्यशाली विजेता छनौटका लागि कम्पनीले निश्चित सेवा र शर्तहरू निर्धारण गरेको छ । सेवा र शर्तहरू अनुसार भाग्यशाली विजेताको छनौट प्रविधिमा आधारित 'लक्की ड्र' मार्फत गरिनेछ ।

# पोखरा विमानस्थल चिनियाँ ऋणको पासोमा फस्दै

काठमाडौं । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका लागि लिइएको चिनियाँ ऋण वैदेशिक सहायताको संसारमै महँगो पाइएको छ । उक्त ब्याजदर २ प्रतिशत रहेको छ । यो ऋणमा २५ वर्षे म्याचुरिटी अवधि र थप ७ वर्षे ग्रेस अवधि रहेको छ। म्यानेजमेन्ट फी र कमिटमेन्ट फीसमेत जोड्दा यसको ब्याज २.७५ प्रतिशत पुग्ने जानकारहरू बताउँछन् । चिनियाँ सामान र चिनियाँ ठेकेदार राख्नुपर्ने जस्ता अनेकन शर्तहरू यसमा छुट्टै थपिएका छन् । अमेरिकी सहयोग मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) मा अमेरिकी कानून भनेजस्तै यसमा चिनियाँ कानून लागू हुने नै प्रावधान छ । नेपालको इतिहासमै अहिलेसम्म लिएको ऋणमध्ये चिनियाँ ऋण नै सबैभन्दा महङ्गो ऋण हो । अझ यो डलरमा लिएको ऋण हो । नेपालको मुद्रास्फितीको दरसँग समायोजन गर्दा यो ऋणको ब्याजदर अहिले नै लगभग १४ प्रतिशत हुन्छ र २० वर्षपछि लगभग ३०० प्रतिशत हुने विज्ञहरू बताउँछन् । यो ऋण नभइ ऋणको पासो तथा क्यासिनोमा चल्ने मिटरब्याज भन्दा चर्को रहेको आरोप चीनमाथि लाग्न थालेको छ । चीनले यस्तै महङ्गो ब्याजको ऋण दिएर बनाएको श्रीलंकाको बन्दरगाह चर्को ब्याज तिर्न नसकेपछि ९९ वर्षका लागि आफैंले लिजमा लिएको छ । त्यस्तै युगान्डाको एअरपोर्ट अनि घानाको मुख्य पोर्ट पनि ब्याजको सट्टामा चीनले नै लिजमा लिएर चलाइरहेको छ । चीनसँग पोखरा र भैरहवा एअरपोर्ट लगायतमा यस्तै चर्को ब्याजमा सबैभन्दा बढी ऋण लिइएको छ । - हाम्रा कुरा डटकमबाट


मानवीय लापरबाही नै कोभिड संक्रमणको मुख्य कारण हो । सानो असावधानीले पनि महामारीको रूप लिन सक्दछ । कसैलाई सामान्य मात्र प्रभाव पार्ने सरुवा रोग कसैका लागि ज्यान लिने कारण बन्न सक्दछ । त्यसैले सचेत रहौं, स्वास्थ्य मापदण्डको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं